नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु सेवा विभाग

पशु क्वारेन्टाइन कार्यालय

गड्डाचौकी, कञ्चनपुर

पशु क्वारेन्टाइन सम्बन्धी सामान्य जानकारी

हाम्रो भनाई

नेपालको अर्थतन्त्रमा पशुपालन क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको उत्पादन, आयात-निर्यात र सीमापार आवागमन बढ्दै गएको वर्तमान अवस्थामा संक्रामक तथा सिमाबिहिन पशुरोगहरूको जोखिम पनि बढ्दो क्रममा रहेको छ। यस्ता रोगहरूको रोकथाम, नियन्त्रण तथा सुरक्षित व्यापार प्रवर्द्धनका लागि पशु क्वारेन्टाइन प्रणालीको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। प्रभावकारी क्वारेन्टाइन व्यवस्थाले पशु स्वास्थ्य, जनस्वास्थ्य, खाद्य सुरक्षा तथा अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित र विश्वसनीय बनाउन महत्वपूर्ण योगदान पुर्‍याउँछ। नेपाल सरकारले पशु क्वारेन्टाइन ऐन, नियमावली तथा प्रचलित मापदण्डहरूको कार्यान्वयनमार्फत पशु तथा पशुजन्य वस्तुको सुरक्षित आयात, निर्यात र ओसारपसारलाई व्यवस्थित गर्दै आएको छ। यसका साथै विश्व पशु स्वास्थ्य संगठन (WOAH), खाद्य तथा कृषि संगठन (FAO) तथा विश्व व्यापार संगठन (WTO/SPS Agreement) का अन्तर्राष्ट्रिय मापदण्डहरूको प्रभावकारी कार्यान्वयनले नेपालको पशु स्वास्थ्य प्रणालीलाई अझ सुदृढ बनाउन सहयोग पुर्‍याएको छ।

यस पुस्तकमा पशु क्वारेन्टाइनको आधारभूत अवधारणा, कानूनी तथा नीतिगत व्यवस्था, क्वारेन्टाइन प्रक्रिया, अन्तर्राष्ट्रिय मापदण्ड, सीमा व्यवस्थापन, जुनोटिक रोग, एन्टिमाइक्रोबियल प्रतिरोध, जैविक सुरक्षा, पशु कल्याण तथा समसामयिक विषयहरूलाई सरल, व्यवस्थित र वैज्ञानिक ढङ्गले समेट्ने प्रयास गरिएको छ। यसले पशु स्वास्थ्य क्षेत्र तथा क्वारेन्टाइनमा कार्यरत प्राविधिक, पशु चिकित्सक, विद्यार्थी, अनुसन्धानकर्ता तथा सरोकारवाला निकायहरूका लागि उपयोगी सन्दर्भ सामग्रीको रूपमा कार्य गर्ने विश्वास लिएको छु। यो पुस्तक तयार गर्न आवश्यक सामग्री सङ्कलन, अध्ययन, विश्लेषण तथा लेखनमा समर्पित भई योगदान पुर्‍याउनुहुने सम्पूर्णमा धन्यवाद व्यक्त गर्दछु। साथै यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाहरूप्रति समेत कृतज्ञता प्रकट गर्दछु।

अन्त्यमा, यस पुस्तकले पशु क्वारेन्टाइन प्रणालीलाई थप प्रभावकारी बनाउन, पशु तथा जनस्वास्थ्य संरक्षणमा सहयोग पुर्‍याउन तथा सुरक्षित पशु व्यापार प्रवर्द्धन गर्न सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गर्दछु। यस पुस्तकलाई अझ परिष्कृत बनाउन पाठकवर्गबाट प्राप्त हुने रचनात्मक सुझाव, सल्लाह तथा प्रतिक्रियाहरूलाई सदैव स्वागत गरिनेछ।

धन्यवाद।

डा. अरुण खनाल
नि. कार्यालय प्रमुख
पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कञ्चनपुर

विषयसूची

१. क्वारेन्टाइनः परिचय, इतिहास, आवश्यकता र महत्त्व

२. विश्व पशु स्वास्थ्य संगठन र विश्व ब्यापार संगठन सम्बन्धि सामान्य जानकारी

३. Emerging And Re-emerging Disease उदयमान र पुनः उदाउँदै गरेका रोगहरु र तिनको चुनौतीहरुः

४. पशु क्वारेन्टाइन सँग सम्बन्धित कानूनी प्रावधानः

५. सीमाबिहिन पशुरोगहरु बारे जानकारी (Transboundary Animal Diseases)

६. प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance/AMR)

७. पशु क्वारेन्टाइन सम्बन्धी प्रक्रिया र आवश्यक कागजातहरुः

८. पशु सेवा विभागबाट सिफारिस प्रदान गर्न सकिने वस्तुहरुः

९. पशु क्वारेन्टाइन कार्यालयहरुको सम्पर्क विवरण

१०. जैविक सुरक्षा (Biosecurity):

११. जुनोटिक रोग सम्बन्धी सामान्य जानकारी

१२. जोखिम विश्लेषण (Risk Analysis)

१३. भावी दिशा

१. क्वारेन्टाइनः परिचय, इतिहास, आवश्यकता र महत्वः

कुनै संक्रामक रोग सर्ने सम्भावना भएका व्यक्ति/पशुहरुलाई तोकिएको समय/निश्चित अवधिको लागि तोकिएको ठाउँमा अलग राख्ने प्रकृयालाई क्वारेन्टाइन भनिन्छ। यो विशेष गरी एक ठाउँ बाट अर्को ठाउँमा आवतजावत गर्दा गर्ने गरिन्छ। **Quarantine शब्द** इटालियन शब्द *Quaranta giorni* बाट सन् १३४५ देखि १३६० को विचमा प्रयोगमा आएको देखिन्छ । जसको शाब्दिक अर्थ **"चालीस दिन"** हुन्छ। क्वारेन्टाइन Bubonic Plague (Caused by *Yersinia Pestis*) वा Black Death रोगको महामारी फैलिएको बेला देखि सुरुवातमा आएको हो। क्वारेन्टाइन प्रक्रियामा पशुहरुलाई कुनै पनि संक्रामक रोगको रोगाणुको ओथारो बस्ने अवधि (Incubation Period) संग मिल्नेगरी क्वारेन्टाइन अवधि (Quarantine Period) निश्चित गर्ने गरिन्छ।

क. पशु क्वारेन्टाइनको इतिहास र परिचयः

विश्व पशु स्वास्थ्य संगठन (World Organization for Animal Health) को अनुसार क्वारेन्टाइनलाई यसको अवधि तथा स्वास्थ्य अवस्थाको मूल्याङ्कन गर्न अपनाइने गतिविधि र प्रक्रियाहरूका आधारमा परिभाषित गरिन्छ। पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ अनुसार पशु क्वारेन्टाइन भन्नाले पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीमा कुनै किसिमको रोग लागेको छ वा छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीलाई कुनै निश्चित खास ठाउँमा तोकिएको अवधिसम्मका लागि एकैसाथ वा छुट्टाछुट्टै राखिने कार्यलाई बुझाउँछ। अन्तर्राष्ट्रिय क्वारेन्टाइनले आधिकारिक पशु स्वास्थ्य तथा क्वारेन्टाइन प्रमाणपत्रका आधारमा पशुपन्छी तथा पशुजन्य वस्तुको सुरक्षित आयात—निर्यातलाई नियमन गर्दछ। यसले संक्रामक तथा जुनोटिक रोगहरूको सीमा पार फैलावट रोक्न महत्त्वपूर्ण भूमिका खेल्छ। विश्व पशु स्वास्थ्य संगठन (WOAH), खाद्य तथा कृषि संगठन (FAO) तथा विश्व व्यापार संगठन (WTO) अन्तर्गतका SPS मापदण्डहरूले अन्तर्राष्ट्रिय पशु तथा पशुजन्य वस्तुको व्यापारलाई सुरक्षित र वैज्ञानिक आधारमा सञ्चालन गर्न मार्गदर्शन प्रदान गर्छन्। व्यापारको विश्वव्यापारीकरणको बढ्दो प्रभावसँग क्वारेन्टाइनको व्यापकता पनि बढ्दै गएको छ। सीमापार व्यापारको अन्तरराष्ट्रिय अभ्यासलाई हेर्ने हो भने मुलुकको अन्तर्राष्ट्रिय सीमामा आएका मालसामानहरु (Consignment) लाई सुरक्षाजाँच गर्दै आयातित सामानको प्रकृति अनुसार सम्बन्धित क्वारेन्टाइन (पशु कृषि खाद्य) ले आवश्यक प्राविधिकीय जाँच गरेर सम्बन्धित ऐनमा उल्लेखित क्वारेन्टाइन प्रमाणपत्र जारी गरेपछि मात्र भन्सारले आफ्नो कारवाही अगाडी बढाउनु पर्ने हुन्छ। विश्व भरी अवलम्बन गरिएको अग्रपंक्तिमा क्वारेन्टाइन (Quarantine) को अवधारण तथा अभ्यास नेपालको सीमानामा अझ प्रभावकारी बनाउनु पर्ने आवश्यक देखिन्छ।

वर्तमान अवस्थामा बढ्दै गएको पशु पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको आयात-निर्यातसँगै विदेशबाट विभिन्न रोगव्याधिहरु पनि भित्रिने जोखिम हुन्छ जसले गर्दा हाम्रो पशुपन्छीपालनमा प्रतिकूल असर पर्दछ। नेपालमा पशुहरुमा वि.स. २०७७ सालमा पहिलोपटक लम्की स्किन रोग र २०७९ सालमा अफ्रिकन स्वाइन फिभर पहिलोपटक देखा परि गाईभैंसी र सुँगुर बंगुर व्यवसायमा ठुलो आर्थिक क्षति गराएको थियो । ती रोग हाल पनि नेपालमा विध्यमान नै छन जसले बर्सेनि ठुलो आर्थिक क्षति गराइरहेका छन् । सन् २०१९ को नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले गरेको अध्ययन अनुसार ६.४४ अर्व वार्षिक क्षति खोरेत रोगले गराइरहेको पाइएको थियो । हाल खोरेत रोगको SAT1 सेरोटाइप छिमेकी मुलुकहरुमा फैलिएको हुँदा त्यसको जोखिम रोक्न सीमा क्षेत्रको कडा निगरानी गर्नुपर्ने हुन्छ । अनौपचारिक पशुपन्छीको व्यापारले रोगहरुको फैलावटलाई बढाउने हुँदा त्यस्ता व्यापारलाई निरुत्साहित गरी रोगको प्रवेशको जोखिम कम गर्नुपर्ने हुन्छ । रोग प्रवेश पश्चात त्यसको रोकथाम गर्न धेरै खर्च गर्नुपर्ने हुँदा प्रवेशमै कडा निगरानी गर्नु अति उत्तम रोग नियन्त्रणको उपाय हो । पशुपन्छीबाट मानिसमा सर्ने विभिन्न किसिमका सामान्य रोग देखि प्राणघातक रोगहरु जस्तै रेबिज, इवोला, बर्डफ्लू, कोरोना आदि रोगहरु सर्दछन् र यी रोगहरुको प्रमुख स्रोत विरामी पशुपन्छी र अस्वस्थ पशुपन्छीजन्य पर्दाथ हो। यस्ता पशुपन्छी तथा पशुपन्छीजन्य पर्दाथको आयात-निर्यातमा रोक लगाउनुका साथै आयात-निर्यात भएका पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको क्वारेन्टाइन

जाँच गर्ने कार्य मुख्यतया क्वारेन्टाइन कार्यालय र यस मातहतका पशु क्वारेन्टाइन चेकपोष्टहरुको हो। यस महत्त्वपूर्ण कार्यलाई क्वारेन्टाइन कार्यालय र चेकपोष्टहरुले जिम्मेवारीका साथ निर्वाह गरेका छन जस कारणले गर्दा पशुबाट सर्न सक्ने संक्रामक रोगहरु बाट नकारात्मक असरमा कमी आएको छ।

क्वारेन्टाइन प्रणालीको प्रयोग कुनै पनि रोगको रोकथाम तथा एक ठाउंबाट अर्को ठाउंमा हुन सक्ने यसको आगमनबाट रोक्नको लागि धेरै पहिलेदेखि नै प्रचलनमा रहेको भए तापनि विश्व व्यापार संगठन (World Trade Organization) को स्थापनासँग यसको बढ्दो महत्वको पुष्टि भएको छ। विश्व व्यापार संगठन अन्तर्गतका विभिन्न अन्तर्राष्ट्रिय कानूनहरु मध्ये वस्तुको शुद्धता सम्बन्धि सम्झौता (Sanitary & Phytosanitary Measures) अनुसार यसको प्रत्येक सदस्य राष्ट्रसँग आफ्नो जनमानस, पशुपंक्षी तथा बोट बिरुवाको स्वास्थ्य तथा जीवनको रक्षा गर्ने सम्पूर्ण अधिकार हुन्छ। यस अनुसार राष्ट्रिय आवश्यकता तथा हितलाई मध्यनजर गर्दै कुनै पनि देशमा अन्तर्राष्ट्रिय तथा आन्तरिक गरी दुई भिन्न प्रकृतिका क्वारेन्टाइन अड्डाहरु स्थापना भएका हुन्छन्। अन्तर्राष्ट्रिय क्वारेन्टाइनले स्वच्छताको आधिकारिक प्रमाणपत्र (Authorized Sanitary Certificate) जारी गरी दुई मुलुक बिचको व्यापार नियमन गर्दछ भने राष्ट्रिय तथा आन्तरिक क्वारेन्टाइनले मुलुक भित्र वस्तुको ओसारपसार व्यवस्थापन तथा पैठारी भएर ल्याइएका मालसामानहरू मुलुकमा प्रवेश पाएदेखि गन्तव्यमा पुगिञ्जेल वा बिक्री वितरण गरिञ्जेल जाँच गर्दछ।

ख. नेपालमा पशु क्वारेन्टाइन सम्बन्धी इतिहासः

नेपालमा वि.सं. १९९६ मा (भेटेरिनरी डिस्पेन्सरी) आधिकारिक पशु सेवा स्थापना भएको दुई दशक पश्चात् गौगोटी रोगको निरन्तरको महामारी नियन्त्रण गर्न र सीमापारबाट पशुपंक्षीमा लाग्ने रोगहरूको प्रवेशमा रोक लगाउने अभिप्रायले सरकारले वि.सं. २०१८ मा सुनसरीको धरान, मकवानपुरको भैसे, रुपन्देहीको बुटवल र बैतडीको झुलाघाट गरी मुलुकको विभिन्न चार स्थानहरुमा क्वारेन्टाइन चेक पोष्टहरूको स्थापना गरी पशु क्वारेन्टाइन सेवाको विधिवत् शुभारम्भ भएको थियो। त्यस पछि एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित पशु विकास आयोजनाहरु मार्फत मुलुकभरी यसको विस्तार तथा पूर्वाधार विकास भई कुल २४ वटा चेक पोष्टहरुको स्थापना भई सेवाप्रवाह गर्ने व्यवस्था भएको थियो। पशु क्वारेन्टाइन सेवालाई प्रभावकारी बनाउन वि.सं. २०६१ मा पशु सेवा विभाग (प.से.वि.) अन्तर्गत केन्द्रीय पशु क्वारेन्टाइन कार्यालयको स्थापना गरी यसलाई पशु क्वारेन्टाइन सेवाको लागि आधिकारिक कानूनी तथा प्राविधिक राष्ट्रिय निकाय (National Technical Authority) तोकिएको र मुलुकको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा चेकपोष्ट सहित देश भरीका सम्पूर्ण क्वारेन्टाइन चेकपोष्टहरुलाई आठ वटा पशु क्वारेन्टाइन कार्यालयहरुले संचालन गर्ने गरी व्यवस्था भएको थियो । पछि दुईवटा थप आन्तरिक चेक पोष्टहरु स्थापना गरिएको थियो। वि.सं. २०७५ को सांगठनिक तथा कर्मचारी समायोजन अनुसार तत्कालीन केन्द्रीय पशु क्वारेन्टाइन कार्यालयको जिम्मेवारी पशु सेवा विभागको पशु क्वारेन्टाइन महाशाखाले वहन गर्ने व्यवस्था गरिएको थियो। आ. व. २०८२/८३ मा पशु क्वारेन्टाइन कार्यालय भैरहवा अन्तर्गत गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा १ चेकपोस्ट थप र नँया थप पशु क्वारेन्टाइन कार्यालय पोखरा, कास्की अन्तर्गत २ वटा चेकपोस्ट (पशु क्वारेन्टाइन चेकपोस्ट कोराला र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा १ पशु क्वारेन्टाइन चेकपोस्ट) थप भई हाल नौ (९) वटा पशु क्वारेन्टाइन कार्यालय रहेका छन।

ग. पशु क्वारेन्टाइनको आवश्यकता र महत्वः

पशु क्वारेन्टाइनको आवश्यकता

सीमाबिहिन पशु रोगहरु जस्तै खोरेत, पि. पि. आर., अफ्रिकन स्वाइन फिभर, लम्की स्किन रोग, हरु एक देशबाट अर्को देश तथा अन्तरदेशीय सर्न र महामारी फैलन जीवित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ओसारपसार (Movement) को महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यो प्राय गरी आवतजावतको नियमन प्रभावकारी भएको मुलुकहरुमा सजिलै सर्ने वा फैलने गरेको पाइन्छ र अन्य देशमा भन्दा बढी क्षती भएको पाइन्छ। सीमाबिहिन संक्रामक रोगहरु फैलावटमा जीवित पशुहरुको ओसारप्रसारले धेरै सहयोग गर्ने, नेपाल र छिमेकी राष्ट्रहरु बिच खुला सीमाना हुँदा अनौपचारिक (अनौपचारिक भन्नाले आधिकारिक मान्यता नपाएका र निरीक्षण नभएका) ओसारप्रसार धेरै

हुने हुँदा रोग फैलावटको जोखिम धेरै रहेको देखिन्छ । रोगको प्रकृति अनुसार रोगको कारक तत्व जनावर वा मानिसको शरीरमा प्रवेश गरे तापनि लक्षण देखाउन लाग्ने समय फरक-फरक हुन्छ । र त्यस्तो रोगको किटाणु शरीरमा प्रवेश गरे देखि लक्षण देखाउने बेला सम्मको अवधिलाई ओथारो अवधि भनिन्छ। उदाहरणका लागि खोरेत रोगको ओथारो अवधि (Incubation Period) २-१४ दिन रहन्छ। यसको अर्थ पशु हेर्दा स्वस्थ देखिदैंमा त्यसमा संक्रमण छैन र रोग सार्दैन भन्न सकिदैंन । त्यसैले रोग नभएको एकिन गर्न क्वारेन्टाइनमा राख्नु अत्यावश्यक देखिन्छ ।क्वारेन्टाइन जाँच भित्र पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको भौतिक अवस्था जाँच्नु मात्र नभएर, त्यसको दस्तावेजीय जाँच, उत्पति स्थलको बारेमा जानकारी लिने जस्ता क्रियाकलापहरु पनि समेटिन्छन ।रोगि पशु र रोग सर्न सक्ने पशु प्रत्यक्ष तथा अप्रत्यक्ष सम्पर्कमा आउँदा, विभिन्न माध्यम जस्तै हावा, पानी, आहारा, साझा बस्ने ठाँउहरुको माध्यमवाट समेत रोग सर्न सक्छ । स्थानीय स्तरमा वा नजिकका ठाउँमा रोग प्राय गरि पशुहरु जम्मा हुने स्थानहरु जस्तैः साझा चरन क्षेत्र, पशु हाट बजार, धार्मिक जमघट जस्ता कार्यहरु बाट प्राय रोग सरेको हुन्छ भने टाढा टाढाका स्थानहरुमा भने पशुपन्छीको व्यापार नै रोग सार्नुको महत्त्वपूर्ण कारण हो। अतः पशुहरुको आवतजावत (Movement) लाई व्यवस्थित र नियमन गर्न सकेमा रोगहरुको प्रवेश, फैलावटलाई रोक्न सकिन्छ। उदाहरणका लागि नेपाल तथा विश्वमा मानिसमा महामारी जन्य रोग फैलदा आवतजावत (Movement) लाई रोक्ने उपायहरु अपनाउने गरेका छन जस्तै Covid 19 नेपालमा lockdown अर्थात आवतजावत गर्न प्रतिवन्ध गरिएको थियो।

हाम्रो देशमा भएका गाई भैसी, भेडा, बाख्रा, घोडा, खच्चर, आदिको संरक्षण, व्यावसाहिक रुपमा अगाडि बढेको पन्छीको क्षेत्र, मत्स्य व्यावसायमा नयाँ रोगको संक्रमण रोकी पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको व्यवसायहरुको संरक्षण, प्रवर्धन गरी राष्ट्रलाई आत्मनिर्भर बनाउन क्वारेन्टाइनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। विश्व व्यापारीकरणको अभ्याससंगै विश्व भरी पशु क्वारेन्टाइन प्रणाली एकदम सुदृढ, चुस्त तथा दुरुस्त हुँदै गएका छन् । कुनै पनि मुलुकको पशु क्वारेन्टाइन सेवाले पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको व्यापारको क्रममा वा अन्य अवस्थामा समेत सीमापारबाट भित्रिन सक्ने पशुपंक्षीका रोगहरूको रोकथामका लागि अहोरात्र काम गरी रहेका हुन्छन्। वास्तवमा पशु क्वारेन्टाइन सेवा कुनै पनि मुलुकको पशु रोग अन्वेषण प्रणाली (Disease Intelligence System) को अभिन्न अङ्गको रूपमा अङ्गीकार गरिएको हुन्छ। समग्रमा पशु क्वारेन्टाइन सेवा कुनै पनि मुलुकको लागि निम्नलिखित कारणहरुले गर्दा आवश्यक हुन्छः

- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको उदगमस्थलको जानकारी राख्न।
- देशमा Emerging and Re -emerging रोगहरुको प्रवेश हुनबाट बचाउन ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको अन्तर्राष्ट्रिय व्यापार नियमन गर्न ।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको आयातबाट उत्पन्न हुनसक्ने जोखिमको विश्लेषण गर्न।
- आयातित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुबाट देशभित्र प्रवेश पाउन सक्ने बाह्य रोगहरुको रोकथाम गर्न।

महामारी नियन्त्रणमा पशु क्वारेन्टाइन कार्यालयको भूमिकाः

नेपालले गौगोटी रोग (Rinderpest/Cattle Plague) को उन्मूलन गरेको विश्व पशु स्वास्थ्य संगठनले सन् २००२ मे २८ तारिकमा घोषणा अनुमोदन गरेको थियो । उक्त रोग अनुमोदनको नेपालका छिमेकी देश भारतले सन् २००६ र चीनले सन २००८ मा विश्व पशु स्वास्थ्य संगठनबाट मान्यता पाएका थिए भने विश्व बाट सन् २०११ मा उन्मूलन भएको थियो। गौगोटी रोग मानव पहलबाट उन्मूलन भएको समग्रमा small pox पछिको दोश्रो र पशुपन्छी क्षेत्रको पहिलो रोग हो। आगामी दिनमा यसको अनुभव बाट नेपालले सन् २०३० सम्ममा पि. पि. आर. रोग उन्मूलन गर्ने लक्ष्य लिएको छ र त्यस अनुरुपका क्रियाकलापहरु गरि रहेको अवस्था छ। यस्ता संक्रामक रोगहरु उन्मूलन र नियन्त्रण गर्न क्वारेन्टाइनको अत्यन्त महत्त्वपूर्ण भूमिका रहन्छ। अतः क्वारेन्टाइनका बारेमा सुरक्षा निकाय तथा संयन्त्र, कृषक, व्यवसायी, सामाजिक अभियन्ता, बुद्धिजीवी, राजनीतिक नेतृत्व जस्ता समाजका विभिन्न पक्षका मानिसहरुले बुझेमा र प्रभावकारी कार्यन्वयन गर्न सकिएमा रोगको संक्रमणवाट हुने प्रत्यक्ष तथा अप्रत्यक्ष आर्थिक, सामाजिक र मनोवैज्ञानिक क्षति लाई कम गरि रोग उन्मूलन गर्न सकिन्छ।

घ. क्वारेन्टाइनको महत्व

- आयात हुने पशु तथा पशुजन्य पर्दाथहरुबाट बाह्य (Exotic) रोगहरु देश भित्रिन नदिन प्रभावकारी रुपमा आयातित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको परिक्षण गर्न
- बाह्य (Exotic) रोगहरुबाट देशलाई मुक्त (Free) हुन आवश्यक कदम चाल्न
- देखा परेका रोगहरु फैलन नदिन
- देशको तोकिएको क्षेत्रलाई रोगमुक्त रुपमा कायम गर्न Zoning and Compartmentalization उदाहरणका लागि इलाम जिल्लाका १० पालिकालाई खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्न)
- पशु तथा मानव स्वास्थ्य दुवै (Both human health & and Animal Health) को सुरक्षा कायम गर्न
- निर्यातमा आवश्यक पर्ने Internationally accepted certificate प्रदान गर्न र राष्ट्रिय आय बढाउन
- अवैध व्यापारलाई घटाउन
- सम्भावित जैविक आक्रमण (Bio terrorism) हुन नदिने कार्यमा सहयोग पुर्याउन
- नेपाल WTO को सदस्य भएकोले भविष्यमा बाह्य मुलुकबाट भित्रिन सक्ने न्युन गुणस्तरका पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री प्रवेश हुन नदिन (SPS कार्यान्वयन गर्ने प्रमुख निकाय)
- Plant health, Animal health and Human health लाई नकारात्मक असर पर्ने कुनै पनि उत्पादनको हुन सक्ने प्रवेश रोक्ने
- आधिकारिक स्वच्छता तथा शुद्धताको प्रमाणपत्र तथा अन्तर्राष्ट्रिय स्वास्थ्य प्रमाणपत्र जारी गर्न।

ङ. नेपालमा पशु क्वारेन्टाइनको समग्र अवस्थाः

नेपालमा हाल नौ (९) ओटा पशु क्वारेन्टाइन कार्यालय र ३२ वटा पशु क्वारेन्टाइन चेकपोस्ट रहेका छन। नेपालमा सीमा चेकपोस्ट, अन्तर्राष्ट्रिय चेकपोस्ट र आन्तरिक गरि ३ प्रकृतिका क्वारेन्टाइन चेकपोस्ट रहेका छन, ति मध्ये स्थायी र केहि अस्थायी चेकपोस्ट हुन। नेपालमा रहेका पशु क्वारेन्टाइन कार्यालय र ति अन्तर्गतका चेकपोस्टहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

Animal Quarantine Offices and Checkposts of Nepal



च. पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकी, कंचनपुरको कार्यक्षेत्रः

पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकी कंचनपुर अन्तर्गत ४ वटा सीमा चेकपोस्ट रहेका छन् ति निम्नअनुसार छन्

१. पशु क्वारेन्टाइन चेकपोस्ट, गड्डाचौकी

२. पशु क्वारेन्टाइन चेकपोस्ट, बेलौरी

३. पशु क्वारेन्टाइन चेकपोस्ट, धनगढी

४. पशु क्वारेन्टाइन चेकपोस्ट, दार्चुला



सि. नं.	कार्यालय/ चेकपोष्टको नाम	सम्पर्क नम्बर	इमेल	कै
१	कार्यालयको टेलिफोन नम्बर	०९९-४०२१३३	aqogaddachauki@gmail.com	
२	पशु क्वारेन्टाइन चेकपोष्ट गड्डाचौकी	०९९-४०२०७३	gaddachauki.checkpost@gmail.com	
३	पशु क्वारेन्टाइन चेकपोष्ट बेलौरी	०९९५८०२३९	belauricheckpost4@gmail.com	
४	कार्यालय प्रमुख	९८५८७७७१३३		
५	सूचना अधिकारी	९८५८७७७१३२		
६	लेखापाल	९८५८७८७१३८		
७	चेकपोष्ट प्रमुख बेलौरी	९८५८७८७१३५		
८	चेकपोष्ट प्रमुख धनगढी	९८५८७८७१३६	Aqcpdhangadhi552@gmail.com	
९	चेकपोष्ट प्रमुख दार्चुला	९८५८७८७१३७	meenbdrbam12345@gmail.com	
१०	चेकपोष्ट प्रमुख गड्डाचौकी	९८५८७८७१३४		

छ. पशु क्वारेटाइनको क्षेत्र (Scope of Animal Quarantine):

"पशु क्वारेन्टाइन भनेको पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री तथा जैविक सामग्रीको आवागमनलाई वैज्ञानिक तथा कानूनी आधारमा नियमन गरी संक्रामक रोगहरूको प्रवेश, स्थापना र प्रसार रोक्ने समग्र प्रक्रिया हो।" पशु क्वारेन्टाइन (Animal Quarantine) पशु स्वास्थ्य व्यवस्थापनको एक महत्त्वपूर्ण अंग हो। यसले देशभित्र तथा देशबाहिरबाट हुने जीवित पशु, पशुजन्य पदार्थ, जैविक सामग्री तथा रोगवाहक वस्तुहरूको आवागमनलाई नियमन गरी संक्रामक तथा सरुवा पशु रोगहरूको प्रवेश, फैलावट र प्रसार रोक्ने कार्य गर्दछ। पशु क्वारेन्टाइनले पशु स्वास्थ्य, जनस्वास्थ्य, खाद्य सुरक्षा, जैविक सुरक्षा तथा अन्तर्राष्ट्रिय व्यापारको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

१. जीवित पशुको आयात, निर्यात तथा ओसारपसारको नियमनः

पशु क्वारेन्टाइनको प्रमुख कार्य जीवित पशु तथा पंक्षीहरूको आयात, निर्यात र आन्तरिक ओसारपसारको स्वास्थ्य परीक्षण तथा नियमन गर्नु हो। यस अन्तर्गत पशुहरूको स्वास्थ्य अवस्था जाँच, आवश्यक प्रयोगशाला परीक्षण तथा स्वास्थ्य प्रमाणपत्रको प्रमाणीकरण गरिन्छ। यस प्रक्रियाले रोगग्रस्त वा रोगवाहक पशुहरूको आवागमन नियन्त्रण गर्न मद्दत पुर्‍याउँछ।

२. पशु रोगको निगरानी तथा नियन्त्रण

पशु क्वारेन्टाइनले देशमा विद्यमान तथा सम्भावित पशुरोगहरूको निगरानी, पहिचान, सूचना सङ्कलन र जोखिम मूल्याङ्कन गर्दछ। नेपालमा पशु रोगहरुको सूचना आदानप्रदानको लागि पशु सेवा विभागले (NAHIS/National Animal Health Information System) को सुरुवात गरेको छ त्यसमा स्थानीय तह, प्रदेश, शैक्षिक संस्था, प्राइभेट क्लिनिक र संघीय पशु सेवाका स्थानहरुबाट अनलाइनको माध्यमबाट खबर गर्न सकिन्छ । कुनै संक्रामक रोगको शंका वा पुष्टि भएमा रोग नियन्त्रण, संक्रमित पशुको पृथकीकरण (Isolation) तथा आवश्यक नियन्त्रणात्मक उपायहरू अवलम्बन गरिन्छ।

३. पशुजन्य उत्पादनको निरीक्षण

मासु, दूध, अण्डा, छाला, हड्डी, ऊन, रौं, मह, माछाजन्य पदार्थ तथा अन्य पशुजन्य उत्पादनहरूको निरीक्षण र परीक्षण पनि पशु क्वारेन्टाइनको महत्त्वपूर्ण क्षेत्र हो। यस्ता वस्तुहरूबाट रोगजनक जीवाणु, विषाणु वा परजीवीहरू प्रवेश गर्न सक्ने भएकाले तिनको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिन्छ।

४. जैविक सामग्री तथा आनुवंशिक स्रोतको व्यवस्थापन

वीर्य, भ्रूण, अण्डा, खोप, जैविक नमुना तथा अनुसन्धानका लागि प्रयोग हुने पशुजन्य सामग्रीहरूको आयात–निर्यात र प्रयोगसम्बन्धी स्वास्थ्य सुरक्षा सुनिश्चित गर्नु पनि पशु क्वारेन्टाइनको कार्यक्षेत्रभित्र पर्दछ। यसले रोगजनक तत्वहरूको अनियन्त्रित प्रवेशलाई रोक्न सहयोग पुर्‍याउँछ।

५. सीमा नाका तथा प्रवेश बिन्दुहरूको व्यवस्थापन

अन्तर्राष्ट्रिय सीमा नाका, विमानस्थल, बन्दरगाह तथा अन्य प्रवेश बिन्दुहरूमा पशु क्वारेन्टाइन सेवा सञ्चालन गरिन्छ। त्यस ठाँउबाट आउने पशु तथा पशुजन्य वस्तुहरूको निरीक्षण, नमूना सङ्कलन, परीक्षण तथा आवश्यक क्वारेन्टाइन प्रक्रिया पुरा गरी मात्र भन्सार गर्ने गरिन्छ। यसले विदेशी रोगहरूको देशभित्र प्रवेश रोक्न महत्त्वपूर्ण योगदान दिन्छ।

६. जैविक सुरक्षा (Biosecurity) प्रवर्द्धन

पशुपालन फार्म, पशु बजार, वधशाला तथा पशु संकलन केन्द्रहरूमा जैविक सुरक्षा सम्बन्धी मापदण्डहरूको विकास र कार्यान्वयनमा पशु क्वारेन्टाइनको भूमिका महत्त्वपूर्ण हुन्छ। यसले रोगको संक्रमण तथा प्रसारको जोखिम न्यून गर्न मद्दत गर्दछ।

७. जनस्वास्थ्य तथा खाद्य सुरक्षाको संरक्षण

धेरै पशुरोगहरू मानिसमा पनि सर्न सक्ने (Zoonotic Diseases) भएकाले पशु क्वारेन्टाइन जनस्वास्थ्य संरक्षणसँग प्रत्यक्ष सम्बन्धित छ। रेबिज, बर्ड फ्लू, ब्रुसेलोसिस, एन्थ्राक्स लगायतका रोगहरूको नियन्त्रणमार्फत मानव स्वास्थ्य तथा खाद्य सुरक्षाको संरक्षण गरिन्छ।

८. अन्तर्राष्ट्रिय व्यापार सहजीकरण

विश्व व्यापार प्रणाली तथा अन्तर्राष्ट्रिय पशु स्वास्थ्य मापदण्डअनुसार पशु तथा पशुजन्य वस्तुहरूको सुरक्षित व्यापार सुनिश्चित गर्नु पशु क्वारेन्टाइनको अर्को महत्त्वपूर्ण क्षेत्र हो। यसले निर्यातयोग्य वस्तुको गुणस्तर तथा स्वास्थ्य सुरक्षा कायम गरी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्दछ।

९. कानूनी तथा नियामक व्यवस्थाको कार्यान्वयन

पशु स्वास्थ्य तथा क्वारेन्टाइन सम्बन्धी ऐन, नियमावली, मापदण्ड तथा निर्देशिकाहरूको कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने कार्य पनि पशु क्वारेन्टाइनको दायराभित्र पर्दछ। यसले पशु स्वास्थ्य व्यवस्थापनलाई संस्थागत तथा प्रभावकारी बनाउँछ।

पशु क्वारेन्टाइनको क्षेत्र केवल पशुको स्वास्थ्य परीक्षणमा मात्र सीमित छैन; यसले पशु स्वास्थ्य, जनस्वास्थ्य, खाद्य सुरक्षा, जैविक सुरक्षा, रोग नियन्त्रण, अन्तर्राष्ट्रिय व्यापार तथा कानूनी व्यवस्थापनसम्म विस्तृत दायरा समेटेको हुन्छ। प्रभावकारी पशु क्वारेन्टाइन प्रणालीले राष्ट्रिय पशुधन सम्पत्तिको संरक्षण, रोगमुक्त वातावरणको निर्माण तथा सुरक्षित व्यापार प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

एस.पि.एस. को परिचय :

कृषि वस्तुको स्वच्छता सम्बन्धी सम्झौताको पारदर्शिता प्रावधान अन्तर्गत नेपालमा एस.पि.एस नेशनल ईन्क्वायरी प्वाईन्ट स्थापना सन् २००४ जनवरी १ मा कृषि विकास मन्त्रालय अन्तर्गतको खाद्य प्रविधी तथा गुण नियन्त्रण विभागमा भएको हो । एस.पि.एस सम्बन्धी प्रावधानहरुका बारेमा नेशनल ईन्क्वायरी प्वाईन्टले जानकारी उपलब्ध गराउने क्रममा तपसिलका कार्यहरु गर्दछ ।

- एस.पि.एस संग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरु संग समन्वय गरी एस.पि.एस सम्बन्धी प्रावधान बारे सूचना एवं जानकारीहरुको अभिलेख राखी आवश्यता अनुसार आदान प्रदान गर्ने
- विश्व व्यापार संगठनका सदस्यहरु एवं अन्य सेवाग्राहीहरुलाई आवश्यकता पर्ने जानकारीहरु इन्क्वायरी प्वाईन्टमा भएमा तुरुन्तै उपलब्ध गराउने तथा नभएमा सम्बन्धित निकायसँग समन्वय गरी जानकारी उपलब्ध गराउने ।
- एस.पि.एस मेजर्स सम्बन्धी सूचना सन्देश प्रबाह गर्ने सिलसिलामा आवश्यक कार्यहरु गर्ने ।
- एस.पि.एस मेजर्स संग सम्बन्धि जानकारीहरु छिटो छरितो एवं सहज रुपमा प्रबाह गर्न सकभर विद्युतिय सञ्चार माध्यम (ईन्टरनेट, फोन फ्याक्स आदि) को प्रयोग गरी उपलब्ध गराउने ।

२. विश्व पशु स्वास्थ्य संगठन र विश्व ब्यापार संगठन सम्बन्धि सामान्य जानकारीः

क. विश्व व्यापार संगठनः

विश्वभरमा हुने सम्पूर्ण अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी नियमहरुलाई पारदर्शी बनाउने, सदस्य राष्ट्रको आर्थिक अवस्था मजबुत पार्ने, व्यापार, लगानी, रोजगारी र आय वृद्धि गर्ने, वस्तु र सेवाको उत्पादन र व्यापारलाई सहयोग गर्ने एव विकासोन्मुख देशहरुको दिगो विकासमा सघाउ पुऱ्याउने आदि उद्देश्य लिई सन् १९९५ मा विश्व व्यापार संगठनको स्थापना भएको हो । शुरुको अवस्थामा १२८ वटा देशहरु र युरोपियन युनियन संलग्न रहेका थिए। नेपालले सन् २००४ अप्रिल २३ (वि.सं. २०६१ वैशाख ११ गते) मा विश्व व्यापार संगठनको १४७ औं सदस्य राष्ट्रको रुपमा सदस्यता प्राप्त गऱ्यो। हालसम्म यसमा १६६ (August 2024) सदस्यहरु छन्। यसमा सर्वसम्मत निर्णय प्रक्रिया अवलम्बन गर्ने गरिन्छ, व्यापारसम्बन्धी नियमहरूको सामूहिक स्वामित्व सुनिश्चित गर्दै, सबै सदस्यहरू निर्णयमा सहमत हुनुपर्छ। कृषि व्यापारसँग सम्बन्धित सामानको WTO सम्झौताहरूको उदाहरणहरुः

Agreement on Agriculture (AoA)	Agreement on Agriculture (AoA)
Agreement on applications of SPS measures (SPS)	Agreement on applications of SPS measures
Agreement on Textiles and Clothing (ATC)	Agreement on Textiles and Clothing (ATC)
Agreement on Technical Barrier to Trade (TBT)	Agreement on Technical Barrier to Trade (TBT)
Agreement on Trade Related Investment Measures (TRIMS)	Agreement on Trade Related Investment Measures (TRIMS)
Agreement on Custom Valuation Methods (CV)	Agreement on Custom Valuation Methods (CV)
Agreement on Pre-shipment Inspection (PSI)	Agreement on Pre-shipment Inspection (PSI)

Agreement on applications of SPS measures (SPS):

- यसले मानव, पशु वा वनस्पतिहरूको जीवन वा स्वास्थ्यको रक्षा गर्ने अधिकारलाई मान्यता दिन्छ, तर यसको प्रयोग घरेलु उत्पादकहरूलाई आर्थिक प्रतिस्पर्धाबाट बचाउन पनि गरिन सक्छ।
- 'सेनेटरी एण्ड फाइटोसेनेटरी मेजर्स' (SPS) सम्बन्धी सम्झौताले व्यापार संरक्षणको उद्देश्यले अनुचित सेनेटरी र फाइटोसेनेटरी उपायहरूको प्रयोगलाई नियन्त्रण गर्न पूर्ववर्ती GATT नियमहरूलाई आधार बनाएको छ।
- "सदस्यहरूलाई मानव, पशु वा वनस्पतिहरूको जीवन वा स्वास्थ्यको रक्षाका लागि आवश्यक सेनेटरी र फाइटोसेनेटरी उपायहरू अपनाउने अधिकार छ; तर यस्ता उपायहरू यस सम्झौताका प्रावधानहरूसँग बाझिने खालका हुनुहुँदैन।"
- व्यापारमा अनावश्यक अवरोधहरू सिर्जना हुन नदिने दायित्व।

अन्तर्राष्ट्रिय मापदण्ड तयार गर्ने संस्थाहरुमा खाध्य सुरक्षामा को क्षेत्रमा CODEX Alimentarius Commission, पशु स्वास्थ्यको क्षेत्रमा विस्व पशु स्वास्थ्य संगठन (WOAH), र बिरुवा/Plant Health को क्षेत्रमा IPPC (International Plant Protection Convention) हुन ।

Agreement on Technical Barrier to Trade (TBT):

- प्राविधिक नियमन, मापदण्ड र अनुरूपता मूल्याङ्कन प्रक्रियाहरू विभेदकारी नहुने तथा तिनले व्यापारमा प्राविधिक अवरोध सिर्जना नगर्ने कुरा सुनिश्चित गर्दछ।
- व्यापार सहजीकरणको उपायका रूपमा आफ्ना उपायहरूलाई अन्तर्राष्ट्रिय मापदण्डमा आधारित बनाउन सदस्यहरूलाई प्रोत्साहित गर्दछ।
- साथै, आफ्ना पारदर्शितासम्बन्धी प्रावधानहरूमार्फत व्यापारको पूर्वानुमानयोग्य वातावरण सिर्जना गर्ने लक्ष्य पनि राख्दछ।

ख. विश्व पशु स्वास्थ्य संगठन (WOAH): परिचय, इतिहास, मापदण्ड निर्माण र विश्व पशु स्वास्थ्यमा यसको योगदानः

सन् १९२० मा भारतबाट ब्राजिलतर्फ लैजाँदै गरिएका गाईहरू बेल्जियमको एन्टवर्प बन्दरगाह हुँदै पारबहन गर्दा रिन्डरपेस्ट (Rinderpest) रोग अप्रत्याशित रूपमा बेल्जियममा फैलियो। यस घटनाले पशु रोगले कुनै पनि देशको सीमामा नरोकिने र अन्तर्राष्ट्रिय व्यापारमार्फत सजिलै फैलिन सक्ने तथ्य स्पष्ट गर्यो। त्यसपछि पशु रोगको सूचना आदान—प्रदान, नियन्त्रण तथा अन्तर्राष्ट्रिय समन्वयका लागि साझा संस्थाको आवश्यकता महसुस भयो।

यसै उद्देश्यले सन **१९२४ जनवरी २५** मा २८ राष्ट्रहरूको सहमतिमा **फ्रान्सको पेरिसमा** Office International des Epizooties (OIE) स्थापना गरियो। सन् १९२७ मा पहिलो महासभा सम्पन्न भई संस्थाले विश्वव्यापी पशु रोगको निगरानी, सूचना आदान—प्रदान तथा अन्तर्राष्ट्रिय पशु स्वास्थ्य मापदण्ड विकास गर्ने कार्य औपचारिक रूपमा सुरु गर्यो। पछि OIE ले Food and Agriculture Organization, World Health Organization तथा World Trade Organization लगायतका अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य विस्तार गर्यो। सन् २००३ मा यसको नाम World Organisation for Animal Health राखियो र सन् २०२२ देखि WOAH नामलाई आधिकारिक रूपमा प्राथमिकता दिइएको छ। हाल WOAH विश्वव्यापी पशु स्वास्थ्य, पशु कल्याण, सुरक्षित अन्तर्राष्ट्रिय व्यापार तथा One Health अवधारणाको प्रवर्द्धन गर्ने प्रमुख अन्तर्राष्ट्रिय संस्था हो। विश्वव्यापी रूपमा पशु स्वास्थ्य संरक्षण, सीमापार पशु रोग नियन्त्रण तथा सुरक्षित पशु तथा पशुजन्य वस्तुको व्यापार सुनिश्चित गर्न अन्तर्राष्ट्रिय संस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। ती संस्थामध्ये विश्व पशु स्वास्थ्य संगठन (World Organization for Animal Health – WOAH) पशु स्वास्थ्य क्षेत्रको सबैभन्दा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मानक निर्धारण गर्ने संस्था हो। १८३ प्रतिनिधिहरू सम्मिलित विश्व सभा 'विश्व पशु स्वास्थ्य संगठन' (WOAH) को सर्वोच्च निकाय हो।

WOAH ले विश्वका सदस्य राष्ट्रहरूबीच पशु रोग सम्बन्धी सूचना आदान—प्रदान, वैज्ञानिक मापदण्ड निर्माण, रोग नियन्त्रण तथा सुरक्षित अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्दछ। हाल विश्वव्यापी रूपमा पशु स्वास्थ्य

व्यवस्थापन, जैविक सुरक्षा, रोग निगरानी तथा अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी नीति निर्माणमा WOAH को प्रभाव अत्यन्त महत्त्वपूर्ण मानिन्छ। विश्वस्तरमा पशु स्वास्थ्य क्षेत्रको आधिकारिक मानक निर्माण गर्ने संस्था (International Standard Setting Organization) का रूपमा स्वीकार गरिएको छ। यसले वैज्ञानिक प्रमाण, सदस्य राष्ट्रको सहकार्य तथा विशेषज्ञ समितिको सिफारिसका आधारमा अन्तर्राष्ट्रिय मापदण्ड तयार गर्दछ।

Mission of WOAH

विश्वव्यापी रूपमा पशु स्वास्थ्यमा सुधार ल्याउनु र यसरी सबैका लागि अझ राम्रो भविष्य सुनिश्चित गर्नु हो।

१. पारदर्शिता (Transparency):

विश्वव्यापी पशु रोगको अवस्थामा पारदर्शिता सुनिश्चित गर्ने।

प्रत्येक सदस्य राष्ट्रले आफ्नो क्षेत्रमा पत्ता लागेका पशु रोगहरूको रिपोर्ट गर्ने प्रतिबद्धता गर्दछन्। त्यसपछि WOAH ले अन्य देशहरूलाई जानकारी प्रसारित गर्दछ, जसले आवश्यक रोकथामका कार्यहरु गर्न सक्छन। जानकारी रोगको गम्भीरतामा निर्भर गर्दै तुरुन्तै वा आवधिक रूपमा पठाइन्छ। यो उद्देश्य प्राकृतिक रूपमा हुने र जानाजानी हुने रोगका घटनाहरूमा लागु हुन्छ। यसको प्रसार इ-मेल, रोग जानकारी र World Animal Health Information System Interface (WAHIS) मार्फत गरिन्छ।

२. वैज्ञानिक जानकारी (Scientific Information):

पशु चिकित्सासम्बन्धी वैज्ञानिक जानकारी सङ्कलन, विश्लेषण र प्रसार गर्ने

WOAH ले पशु रोग नियन्त्रणसम्बन्धी नवीनतम वैज्ञानिक जानकारी सङ्कलन र विश्लेषण गर्छ। त्यसपछि, यी रोगहरूको नियन्त्रण र उन्मूलनका लागि अपनाइने विधिहरूमा सुधार गर्न सदस्यहरूलाई मद्दत पुऱ्याउने उद्देश्यले उक्त जानकारी उपलब्ध गराइन्छ। विश्वभर रहेका २४६ वटा WOAH सहकार्य केन्द्र (Collaborating Centres) र सन्दर्भ प्रयोगशाला (Reference Laboratories) को सञ्जालद्वारा यससम्बन्धी निर्देशिकाहरू तयार पारिन्छन्। वैज्ञानिक जानकारी WOAH द्वारा प्रकाशित विभिन्न सामग्री तथा आवधिक प्रकाशनहरू 'विशेष गरी 'Scientific and Technical Review' (वर्षमा ३ वटा अङ्क)'मार्फत पनि प्रसार गरिन्छ।

३. अन्तर्राष्ट्रिय ऐक्यबद्धता (International solidarity):

पशु रोग नियन्त्रणमा अन्तर्राष्ट्रिय ऐक्यबद्धतालाई प्रोत्साहन गर्ने

विश्व पशु स्वास्थ्य संगठन (WOAH) ले पशु रोग नियन्त्रण र उन्मूलन कार्यहरूमा सहयोगको लागि अनुरोध गर्ने सदस्यहरूलाई प्राविधिक सहयोग प्रदान गर्दछ, जसमा मानिसमा सर्ने रोगहरू पनि समावेश हुन्छन। WOAH ले गरिब देशहरूलाई पशुधनको क्षति निम्त्याउने, जनस्वास्थ्यमा जोखिम प्रस्तुत गर्ने र अन्य सदस्यहरूमा सर्न सक्ने पशु रोगहरू नियन्त्रण गर्न मद्दत गर्न विशेषज्ञता प्रदान गर्दछ। WOAH ले पशु रोग र जुनोसिस नियन्त्रणमा बढी र राम्रो लगानी गर्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय वित्तीय संस्थाहरूसँग स्थायी सम्पर्क राखेको छ।

४. स्वच्छता सुरक्षा (Sanitary safety):

जनावर र पशु उत्पादनहरूमा अन्तर्राष्ट्रिय व्यापारको लागि स्वास्थ्य मापदण्डहरू प्रकाशित गरेर विश्व व्यापारको सुरक्षा गर्नु

WOAH ले अनुचित Sanitary barrier स्थापना नगरी रोग र रोगजनकहरूको प्रवेशबाट आफूलाई बचाउन सदस्य राष्ट्रहरुले प्रयोग गर्न सक्ने नियमहरूसँग सम्बन्धित मानक कागजातहरू विकास गर्दछ। WOAH द्वारा उत्पादित मुख्य मानकहरुमाः स्थलीय पशु स्वास्थ्य संहिता, स्थलीय जनावरहरूको लागि निदान परीक्षण र खोपहरूको म्यानुअल, जलीय पशु स्वास्थ्य संहिता र जलीय जनावरहरूको लागि निदान परीक्षणहरूको म्यानुअल (Terrestrial Animal Health Code, Manual of Diagnostic Tests and Vaccines for Terrestrial Animals, Aquatic Animal Health Code and Manual of Diagnostic Tests for Aquatic Animals) हुन। WOAH ले तयार गर्ने मापदण्डहरूलाई विश्व व्यापार संगठनले सन्दर्भ अन्तर्राष्ट्रिय स्वच्छता (Sanitary) नियमहरूको रूपमा मान्यता दिएको छ।

५. पशु चिकित्सा सेवाहरूको प्रवर्द्धन (Promotion of veterinary services)

राष्ट्रिय पशु चिकित्सा सेवाहरूको कानूनी संरचना र स्रोतसाधनमा सुधार

विकासोन्मुख तथा संक्रमणकालीन चरणमा रहेका मुलुकहरूका पशु चिकित्सा सेवा र प्रयोगशालाहरूलाई आवश्यक पूर्वाधार, स्रोतसाधन र क्षमता उपलब्ध गराउन तत्काल सहयोगको आवश्यकता छ। यसबाट ती मुलुकहरूले विश्व व्यापार संगठन (WTO) को 'सेनेटरी एण्ड फाइटोसेनेटरी' (SPS) सम्झौताबाट पूर्ण लाभ लिन सक्नेछन्; साथै, यसले पशु तथा जनस्वास्थ्यको अझ राम्रो सुरक्षा गर्न र रोगमुक्त अन्य मुलुकहरूमा रोगको जोखिम कम गर्न समेत मद्दत पुऱ्याउनेछ। WOAH ले पशु चिकित्सा सेवाहरूलाई 'विश्वव्यापी सार्वजनिक हित' (Global Public Good) का रूपमा लिन्छ र तिनलाई अन्तर्राष्ट्रिय मापदण्डहरू (जस्तैः संरचना, संगठन, स्रोतसाधन, क्षमता र सहायक प्राविधिकहरूको भूमिका) अनुरूप व्यवस्थित तुल्याउने कार्यलाई सार्वजनिक लगानीको प्राथमिकतामा राख्दछ।

६. खाद्य सुरक्षा र पशु कल्याण (Food safety and animal welfare):

पशुजन्य खाद्य पदार्थको सुरक्षाको अझ राम्रो प्रत्याभूति प्रदान गर्न र विज्ञानमा आधारित दृष्टिकोणमार्फत पशु कल्याणलाई प्रवर्द्धन गर्न

WOAH का सदस्यहरूले WOAH र कोडेक्स एलिमेन्टेरियस कमिसन (Codex Alimentarius Commission) का गतिविधिहरूबीच अझ बढी समन्वय कायम गरी पशुजन्य खाद्य पदार्थको सुरक्षाको अझ राम्रो प्रत्याभूति प्रदान गर्ने निर्णय गरेका छन्। यस क्षेत्रमा WOAH का मापदण्ड-निर्धारणसम्बन्धी गतिविधिहरूले पशुहरूलाई बध गर्नु पुर्व वा तिनका उत्पादनहरू (मासु, दूध, अण्डा आदि) को प्राथमिक प्रशोधन गर्नुअघि नै विद्यमान सम्भावित जोखिमहरू (जुन उपभोक्ताहरूका लागि खतराको स्रोत बन्न सक्छन्) हटाउनमा केन्द्रित रहेर काम गर्छन्।

स्थापनाकालदेखि नै, WOAH ले पशु स्वास्थ्यसम्बन्धी एकमात्र अन्तर्राष्ट्रिय सन्दर्भ संस्थाको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ; यसले अन्तर्राष्ट्रिय स्तरमा स्थापित मान्यता प्राप्त गरेको छ र आफ्ना सबै सदस्य राष्ट्रहरूको पशु चिकित्सा सेवा (Veterinary Services) सँग प्रत्यक्ष सहकार्यबाट लाभान्वित हुँदै आएको छ। पशु स्वास्थ्य र पशु कल्याणबीचको घनिष्ठ सम्बन्धको प्रमाणस्वरूप, आफ्ना सदस्यहरूको अनुरोधमा WOAH पशु कल्याणसम्बन्धी अग्रणी अन्तर्राष्ट्रिय संस्था बन्न पुगेको छ।

नेपालको सन्दर्भमा WOAH को महत्वः

नेपालजस्तो सीमापार पशु आवागमन हुने देशका लागि WOAH का मापदण्डहरू अत्यन्त उपयोगी छन्। नेपालमा यसको महत्वः

- पशु क्वारेन्टाइन सुदृढीकरण
- अन्तर्राष्ट्रिय व्यापार अवसरमा वृद्धि
- रोग निगरानी प्रणाली सुधार (NAHIS)
- प्रयोगशाला क्षमता विकास
- स्वास्थ्य प्रमाणिकरण प्रणाली सुदृढीकरण

विश्व पशु स्वास्थ्य संगठन (WOAH) विश्व पशु स्वास्थ्य शासन प्रणालीको आधारस्तम्भका रूपमा स्थापित संस्था हो। यसले रोग नियन्त्रण, अन्तर्राष्ट्रिय व्यापार, वैज्ञानिक मापदण्ड निर्माण तथा पशु स्वास्थ्य सुरक्षामा विश्वव्यापी नेतृत्व प्रदान गरेको छ। भविष्यमा सुरक्षित व्यापार, जैविक सुरक्षा तथा One Health अवधारणालाई अझ प्रभावकारी बनाउन WOAH को भूमिका अझ महत्त्वपूर्ण रहने अपेक्षा गर्न सकिन्छ।

३. Emerging And Re-emerging Disease (उदयमान र पुनः उदाउदै गरेका रोगहरु र तिनका चुनौतीहरुः

परिचय

विश्वव्यापी रूपमा पछिल्ला केही दशकहरूमा नयाँ संक्रामक रोगहरूको उदय तथा पहिले नियन्त्रणमा आइसकेका रोगहरूको पुनः प्रकोप बढ्दो क्रममा रहेको छ। यस्ता रोगहरूले पशु स्वास्थ्य, जनस्वास्थ्य, खाद्य सुरक्षा, अर्थतन्त्र,

जैविक विविधता तथा अन्तर्राष्ट्रिय व्यापारमा गम्भीर असर पारिरहेका छन्। विश्वव्यापी आवागमन, पशु तथा पशुजन्य वस्तुको व्यापार, जलवायु परिवर्तन, वन विनाश, तीव्र शहरीकरण, वन्यजन्तुसँग बढ्दो सम्पर्क तथा पशुपालन प्रणालीमा आएको परिवर्तनका कारण रोगजनकहरूको भौगोलिक फैलावट र संक्रमणको जोखिम उल्लेखनीय रूपमा बढेको छ। यस सन्दर्भमा उदाउँदा तथा पुनः उदाउँदै गरेका रोगहरूको समयमै पहिचान, निगरानी, रोकथाम र नियन्त्रण पशु स्वास्थ्य व्यवस्थापनको प्रमुख प्राथमिकता बनेको छ।

Emerging रोग भन्नाले कुनै निश्चित क्षेत्र वा जनसंख्यामा पहिलो पटक देखा परेको, वा पहिले सीमित अवस्थामा रहेको तर छोटो अवधिमा संक्रमणको दर, भौगोलिक विस्तार वा गम्भीरता उल्लेखनीय रूपमा बढेको संक्रामक रोगलाई जनाउँछ।

Re-emerging रोग भन्नाले विगतमा प्रभावकारी रूपमा नियन्त्रणमा आएका वा निकै कम देखिएका रोगहरू विभिन्न कारणले पुनः देखा पर्नु वा तीव्र रूपमा फैलिनुलाई जनाउँछ। यस्ता रोगहरू pathogen को आनुवंशिक परिवर्तन (genetich change), खोप कार्यक्रमको कमजोरी (Vaccination Failure), जैविक सुरक्षामा कमी (Lack of proper Biosecurity), रोग निगरानी प्रणालीको कमजोर अवस्था (Weak Disease Surveillance system), तथा बढ्दो अन्तर्राष्ट्रिय आवागमनका कारण पुनः फैलिन सक्छन्।

रोगहरूको उदय र पुनः उदयका प्रमुख कारणहरू

उदाउँदा तथा पुनः उदाउँदै गरेका रोगहरूको उत्पत्ति कुनै एक कारणले मात्र हुँदैन; विभिन्न जैविक, वातावरणीय तथा सामाजिक, आर्थिक कारकहरूको संयुक्त प्रभावले यस्तो अवस्था सिर्जना हुन्छ। प्रमुख कारणहरू निम्नानुसार छन्:

१. पशु तथा पशुजन्य वस्तुको अन्तर्राष्ट्रिय व्यापार र सीमा पार हुने आवागमन
२. खुला सीमा तथा अवैध पशु ओसारपसार
३. जलवायु परिवर्तन तथा वातावरणीय असन्तुलन
४. वन विनाश र वन्यजन्तुको प्राकृतिक बासस्थानमा कमी
५. वन्यजन्तु, घरपालुवा जनावर र मानिसबीच बढ्दो सम्पर्क
६. सघन तथा व्यावसायिक पशुपालन प्रणाली
७. कमजोर जैविक सुरक्षा (Biosecurity) तथा क्वारेन्टाइन व्यवस्था
८. अपर्याप्त रोग निगरानी र प्रारम्भिक सूचना प्रणाली
९. एन्टिमाइक्रोबियल प्रतिरोध (AMR) को बढ्दो समस्या

यी सबै कारणहरूले रोगजनक सूक्ष्मजीवलाई नयाँ क्षेत्रमा प्रवेश गर्ने, नयाँ प्रजातिमा संक्रमण गर्ने तथा तीव्र रूपमा फैलिने अवसर प्रदान गर्छन्।

विश्व तथा नेपालको अवस्था

विश्वका अधिकांश नयाँ संक्रामक रोगहरू जनावरबाट मानिसमा सर्ने (Zoonotic) प्रकृतिका छन्। पछिल्ला वर्षहरूमा Highly Pathogenic Avian Influenza (HPAI), Nipah, Ebola, SARS, MERS, COVID-19, African Swine Fever (ASF) जस्ता रोगहरूले विश्व स्वास्थ्य तथा पशुधन क्षेत्रमा ठूलो चुनौती सिर्जना गरेका छन्। यस्ता रोगहरूले सार्वजनिक स्वास्थ्यमा मात्र होइन, खाद्य आपूर्ति, जीविकोपार्जन, पर्यटन तथा अन्तर्राष्ट्रिय व्यापारमा समेत गम्भीर प्रभाव पारेका छन्।
नेपालमा पनि पछिल्ला वर्षहरूमा लम्पी स्किन डिजिज (LSD), अफ्रिकन स्वाइन फिभर (ASF) र उच्च रोगजन्य एभियन इन्फ्लुएन्जा (HPAI) का प्रकोपले पशुधन क्षेत्रमा उल्लेखनीय आर्थिक क्षति पुऱ्याएका छन्। त्यसैगरी खोरेत (FMD), पिपिआर (PPR) तथा रेबिज (Rabies) अझै पनि राष्ट्रिय पशु स्वास्थ्यका प्रमुख चुनौतीका रूपमा रहेका छन्। नेपालको खुला अन्तर्राष्ट्रिय सीमा, बढ्दो पशु आवागमन तथा सीमापार व्यापारका कारण यस्ता रोगहरूको जोखिम अझ बढी रहने गरेको छ।

पशु क्वारेन्टाइन र जैविक सुरक्षाको भूमिका

उदाउँदा तथा पुनः उदाउँदै गरेका रोगहरूको रोकथाममा पशु क्वारेन्टाइन र जैविक सुरक्षा (Biosecurity) पहिलो सुरक्षा कवचका रूपमा कार्य गर्छन्। सीमा नाकामा स्वास्थ्य परीक्षण, क्वारेन्टाइन, जोखिम मूल्याङ्कन, प्रयोगशाला परीक्षण, स्वास्थ्य प्रमाणीकरण तथा रोग निगरानी प्रणालीमार्फत रोगजनकहरूको सीमा पार प्रवेशलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सकिन्छ। त्यसैगरी फार्म स्तरमा जैविक सुरक्षा, नियमित खोप, सरसफाइ, निसंक्रमण तथा पशु आवागमनको उचित व्यवस्थापनले रोगको फैलावटलाई उल्लेखनीय रूपमा न्यूनीकरण गर्छ।

One Health अवधारणाको आवश्यकता

आज अधिकांश उदाउँदा तथा पुनः उदाउँदै गरेका रोगहरू पशु, मानव र वातावरणबीचको अन्तरसम्बन्धसँग जोडिएका छन्। त्यसैले यस्ता रोगहरूको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि One Health अवधारणाअनुसार मानव स्वास्थ्य, पशु स्वास्थ्य, वन्यजन्तु तथा वातावरणीय क्षेत्रबीच समन्वयात्मक प्रयास अपरिहार्य हुन्छ। रोगको प्रारम्भिक पहिचान, सूचना आदानप्रदान, संयुक्त निगरानी तथा वैज्ञानिक जोखिम व्यवस्थापनले यस्ता रोगहरूको प्रभावलाई न्यून गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

अतः उदाउँदा तथा पुनः उदाउँदै गरेका रोगहरू आजको विश्वका सबैभन्दा महत्त्वपूर्ण पशु स्वास्थ्य तथा जनस्वास्थ्य चुनौतीमध्ये पर्दछन्। यी रोगहरूले पशु उत्पादन, खाद्य सुरक्षा, जनस्वास्थ्य, अर्थतन्त्र तथा अन्तर्राष्ट्रिय व्यापारमा दीर्घकालीन प्रभाव पार्न सक्छन्। त्यसैले रोगको प्रारम्भिक पहिचान, प्रभावकारी रोग निगरानी, सुदृढ पशु क्वारेन्टाइन, जैविक सुरक्षा, वैज्ञानिक जोखिम विश्लेषण तथा One Health अवधारणामा आधारित संयुक्त कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो। विशेष गरी नेपालजस्तो खुला सीमा भएको मुलुकमा यस्ता उपायहरूको प्रभावकारी कार्यान्वयनले सीमापार सर्ने रोगहरूको जोखिम न्यूनीकरण गर्दै पशु स्वास्थ्य, जनस्वास्थ्य र राष्ट्रिय खाद्य सुरक्षाको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।



४. पशु क्वारेन्टाइन संग सम्बन्धित कानूनी प्रावधानः

पशु क्वारेन्टाइन संग सम्बन्धित कानूनी दस्तावेजहरुः

१. पशु स्वास्थ तथा पशु सेवा ऐन, २०५५ र नियमावली, २०५६
२. पशु ढुवानी मापदण्ड, २०६४
३. पशु कल्याण निर्देशिका, २०७३
४. पशु क्वारेन्टाइन (पहिलो संशोधन) कार्यविधि, २०७१
५. मासु तथा मासुका परिकारहरुको आयात निर्यात मापदण्ड, २०६४
६. Standard for import risk analysis of Live Animal, Animal Product and Veterinary Biologicals, 2069
७. माछा भुरा बारे मापदण्ड, २०६१
८. पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र विक्रीवितरण अनुमति सम्बन्धी निर्देशिका, २०८०

क. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र नियमावली, २०५६ मा क्वारेन्टाइन सम्बन्धी भएका मुलभूत विशेषताहरु :

क्वारेन्टाइन चेकपोष्ट र क्वारेन्टाइन स्थलको स्थापना

- नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी नेपाल अधिराज्यको कुनै पनि क्षेत्रमा स्थायी वा अस्थायी प्रकृतिको क्वारेन्टाइन चेकपोस्ट स्थापना गर्नेछ ।
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्वारेन्टाइन चेकपोष्ट स्थापना भएको क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न सक्नेछ । साथै निजी क्षेत्रलाई समेत क्वारेन्टाइन स्थल निर्माण गर्न नेपाल सरकारले अनुमति दिन सक्नेछ ।
- गैर सरकारी क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न चाहनेले विभागबाट सिफारिस पत्र लिनु पर्नेछ ।
- क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ ।

क्वारेन्टाइन अधिकृतको नियुक्ति

- क्वारेन्टाइन अधिकृतको नियुक्ति नेपाल सरकारले क्वारेन्टाइन चेकपोष्टको प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई क्वारेन्टाइन अधिकृतको पदमा नियुक्ति गर्नेछ ।

क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नु पर्ने

- पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर गर्नु पर्नेछ ।
- निकासीकर्ता वा पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त तोकिए बमोजिम हुनेछ ।

क्वारेन्टाइनमा राख्नु पर्ने

- पैठारीकर्ताले पैठारी गरेका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि तोकिएको अवधिसम्म क्वारेन्टाइनमा राखु पर्नेछ ।
- क्वारेन्टाइनमा राखिएका पशुको लागि आवश्यक पर्ने दाना, पानी र सुरक्षाको व्यवस्था सम्बन्धित पैठारीकर्ताले गर्नु पर्नेछ ।
- क्वारेन्टाइनमा राखिएको पशु परीक्षण अवधिभित्रै मरेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो मरेको पशु परीक्षण गरी नष्ट गर्न पैठारीकर्तालाई आदेश दिनेछ ।
- क्वारेन्टाइनमा राखेको पशु मरेमा पैठारीकर्ताले कुनै प्रकारको क्षतिपूर्ति दाबी छैन ।
- क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

क्वारेन्टाइन प्रमाणपत्र लिनुपर्ने

- क्वारेन्टाइन अधिकृतले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राखी जांच गरेपछि तोकिए बमोजिमको ढाँचामा क्वारेन्टाइन प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

पैठारीमा प्रतिबन्ध लगाउन सक्ने

- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको रोगहरु भएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

क्वारेन्टाइन अधिकृतले पैठारी गरिएका पशु, पशुजन्य पदार्थ तथा पशुउत्पादन सामग्री फिर्ता पठाउन, लिलाम गर्न र नष्ट गर्न सक्ने

- क्वारेन्टाइन अधिकृतले प्रवेश गर्न रोक लगाइएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन मुलुकबाट ल्याइएको हो सो मुलुकमा फिर्ता लैजान आदेश दिन सक्नेछ ।
- पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री त्यसै राखी छोड्दा वा सम्बन्धित मुलुकमा फिर्ता पठाउँदा सङ्क्रामक रोग फैलन सक्ने सम्भावना देखिएमा क्वारेन्टाइन अधिकृतले पैठारीकर्तालाई त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउने वा नष्ट गर्ने आदेश दिन सक्नेछ ।

प्रवेशमा रोक लगाउन सक्ने अवस्था

- ल्याइएको ठाउँमा संक्रामक रोगको प्रकोप भएको सूचना प्राप्त भएमा।
- पैठारीकर्ताले स्वस्थता सम्बन्धि प्रमाणपत्र उपलब्ध नगराएमा।
- सम्बन्धित प्रमाणपत्र उपलब्ध गराएतापनि केहि पशुहरु संक्रामक रोगबाट मरेको पाइएमा .
- सवारी साधनमा संक्रामक रोगको लसपस भएको पाइएमा।

पशुपन्छीको वसारपसारमा प्रतिबन्ध लगाउन सक्ने

- नेपालको कुनै एक ठाउको पशुमा संक्रामक रोग लागेको पत्ता लागेमा कार्यालय प्रमुख वा क्वारेन्टाइन अधिकृतले त्यस्ता पशुहरु नेपालको कुनै पनि अन्य स्थानमा लैजान प्रतिबन्ध लगाउन सक्नेछ

प्रदेश तथा स्थानीय तहले पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य गर्न सक्नेः

- प्रदेश तथा स्थानीय सरकारले यस ऐनको मापदण्डमा रहेर पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित गर्न किसानलाई पशु स्वास्थ्य तथा पशु सेवा उपलब्ध गराउन सक्नेछ ।

संक्रामक रोगको निगरानी, जाँचबुझ र नियन्त्रण

- कार्यालय प्रमुखले (जिल्लाको पशु सेवा हेर्ने कार्यालय) सङ्क्रामक रोग लाग्न नदिन वा कुनै स्थानमा देखिएको सङ्क्रामक रोग अन्यत्र फैलन नदिनको लागि पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको विभागले निर्धारण गरे बमोजिम नियमित रूपमा वा आवश्यकता अनुसार जुनसुकै बखत जुनसुकै स्थानमा निगरानी, जाँच परीक्षण तथा अनुगमन गर्नु, गराउनु पर्नेछ। त्यसरी अनुगमन गर्दा सङ्क्रामक रोग लागेको वा रोगको जोखिम रहेको क्षेत्रको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री रहेको स्थानमा प्रवेश गर्न, नमूना सङ्कलन गर्न तथा सङ्कलित नमूनाको प्रयोगशाला परीक्षण गर्न वा गराउन सक्नेछ । संक्रामक रोग लागेको पत्ता भएमा त्यस्तो क्षेत्र भएर कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री वा सोसँग सम्बन्धित अन्य कुराको उपभोग, बिक्री वितरण, प्रयोग वा ओसारपसारमा रोक लगाउन सक्नेछ।

सिफारिसपत्र र अनुमतिपत्र लिनुपर्ने

- जैविक पदार्थ, चल्ला, माछाका भुरा, उत्पादन गर्ने, पशु दाना, मासु प्रशोधन सम्बन्धि उद्योग स्थापना गर्ने, निकासी पैठारी गर्ने र जैविक पदार्थ, चल्ला, माछाका भुरा बिक्रीवितरण गर्नेले तोकिए बमोजिम दस्तुर तिरी तोकिएको ढाँचामा पशु सेवा विभागमा निवेदन दिई सिफारिस पत्र लिनु पर्नेछ ।

मुद्दाको तहकिकात र दायरी

- ऐन अन्तर्गतको कसुरको तहकिकात चेकपोष्टको कम्तिमा राजपत्र अनंकित प्रथम श्रेणीको प्राबिधिक कर्मचारीले गर्ने छ र तहकिकात पुरा भएपछी मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

- ❖ मुद्दा तहकिकात गर्ने कर्मचारीले आवश्यकतानुसार सरकारी वकिलको राय सल्लाह लिन सक्नेछ

मुद्दा हेर्ने अधिकारी

- ❖ चेकपोष्टको बाटो छलेर पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको पैठारी गरेको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।
- ❖ ऐन अन्तर्गतका अन्य मुद्दा हेर्ने अधिकार कार्यालय प्रमुखलाई हुनेछ।

दण्ड, जरिवाना र सजाय

- ❖ चेकपोष्टको बाटो छलेर पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको पैठारी गर्नेलाई रु. २५,०००/ सम्म र त्यस्ता पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीमा संक्रामक रोग पाइएमा दोब्बर जरिवाना हुनेछ।
- ❖ नेपाल सरकारबाट प्रतिबन्धित पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको पैठारी गर्नेलाई रु. १०,०००/ सम्म जरिवाना हुनेछ ।
- ❖ प्रवेश गर्न रोक लगाइएका पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्री ल्याइएको मुलुकमा फिर्ता लैजान क्वारेन्टाइन अधिकृतको आदेश पालन नगर्नेलाई रु. २५,०००/ सम्म जरिवाना हुनेछ ।
- ❖ यस ऐन र नियमावलीको अन्य दफा उल्लंघन गर्नेलाई रु.५,०००/ सम्म जरिवाना हुनेछ ।

पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६ अनुसार क्वारेन्टाइन अवधि तोकिएका रोगहरुः

बाह्य मुलुकबाट पशु पैठारी गरीएका पशुहरुमा कुनै संक्रामक रोगको शंका लागी क्वारेन्टाइनमा राख्नु पर्ने भएमा देहायका रोगका लागी देहायको अबधिसम्म र अन्य रोगको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अवधिसम्म राख्नु पर्नेछ । उल्लेख नभएको रोगको शंका लागेमा क्वारेन्टाइन अवधि रोगको ओथारो अवधिका आधारमा समेत निर्धारण गर्न सकिने छ ।

रोगको नाम	**क्वारेन्टाइन अवधि**
१. रिण्डरपेष्ट (Rinderpest)	२१ दिन
२. फूट एण्ड माउथ डिजिज (Foot and Mouth Disease)	१४ दिन
३. पेष्टिस डेस. पेटिटिस रुमिनान्ट्स् (Pestes Des Petits Ruminants)	२१ दिन
४. लम्पी स्कीन डिजिज् (Lumpy Skin Disease)	२१ दिन
५. सीप पक्स एण्ड गोट पक्स (Sheep Pox And Goat Pox)	२१ दिन
६. ब्ल्यू टङ्ग (Blue Tongue)	४० दिन
७. अफ्रिकन हर्स सिक्नेस (African Horse Sickness)	४० दिन
८. क्लासिकल स्वाईन फिभर (Classical Swine Fever)	४० दिन
९. भेसिकुलर स्टोमेटाइटिस (Vesicular Stomatitis)	२१ दिन
१० स्वाइन भेसिकुलर डिजिज् (Swine Vesicular Disease)	२८ दिन
११. कन्टजियस् बोभाइन प्ल्यूरोन्यूमोनिया (Contagious Bovine Pleuropneumonia)	६ महिना
१२. रिफ्ट भ्याली फिभर (Rift Valley Fiver)	३० दिन
१३. फाउल प्लेग (Fowl Plague)	२१ दिन
१४. न्यू क्यासल डिजिज् (New Castle Disease)	२१ दिन
१५. बर्ड फ्लू (Highly Pathogenic Avian Influenza)	२१ दिन

सूचित गर्नुपर्ने रोगहरुको विवरणः

१. एन्थ्राक्स (Anthrax)
२. एट्रोफिक राइनाइटिस (Atrophic Rhinitis)
३. अजेस्किज रोग (Aujesky's Disease/Pseudorabies)
१४. पोसाइन ब्रसेलोसिस (Porcine Brucellosis)
१५. रिण्डरपेष्ट (Rinderpest)
१६. सिप एण्ड गोट पक्स (Sheep and Goat Pox)

४. वोभाइन ब्रुसेलोसिस (Bovine Brucellosis)

५. वोभाइन ट्युवरकुलोसिस (Bovine Tuberculosis)

६. वफेलो पक्स (Buffalo Pox)

७. क्याप्राइन एण्ड ओभाईन ब्रुसेलोसिस (Caprine and Ovine Brucellosis)

८. क्लासिकल स्वाइन फिभर (Classical Swine Fever)

९. कन्टाजियस वोभाइन प्ल्यूरोन्यूमोनिया (Contagious Bovine Pleuropneumonia)

१०. कन्टाजियस क्याप्राईन प्ल्यूरोन्यूमोनिया (Contagious Caprine Pleuropneumonia)

११. ओभाइन इपिडिडाइमाइटिस् (Ovine Epididimytis)

१२. ओभाइन फुटरट (Ovine Foot Rot)

१३. पेष्टिस डेस पेटिटिस रुमिनान्टस् (Peste Des Petitis Ruminants)

१७. एभियन इन्फ्लुएन्जा / फाउल प्लेग (Avian Influenza)

१८. एभियन ट्युवरकुलोसिस् (Avian Tuberculosis)

१९. चिकन भाइरल इन्फेक्सियस एनिमिया (Chicken Viral Infectious Anaemia)

२०. डक भाइरल ईन्टेराइटिस / डक प्लेग (Duck Viral Enteritis/Duck Plague)

२१. डक भाइरल हेपाटाइटिस (Duck Viral Hepatitis

२२. ग्लाण्डर्स (Glanders)

२३. खोरेत (Foot and Mouth Disease)

२४. रेबिज (Rabies)

२५. लम्पी स्किन रोग (Lumpy Skin Disease)

२६. अफ्रिकन स्वाइन फिभर (African Swine Fever)

नोटः खोरेत र रेबिज मिति २०७६/०५/०९ गते अनि लम्पी स्किन रोग र अफ्रिकन स्वाइन फिभर मिति २०८०/०९/१२ गते राजपत्रमा सूचना प्रकाशित गरि थप गरिएको हो ।

सुचिकृत रोगको सूचना प्रदान गर्ने तरिकाः

पशु सेवा विभागले संचालनमा ल्याएको National Animal Health Information System वाट अनलाइनको माध्यमवाट रोगको सूचना प्रदान गर्न सकिन्छ ।



ख. पशु ढुवानी र पशु कल्याण सम्बन्धी व्यवस्था

नेपालमा पशु ढुवानी तथा पशु कल्याणलाई व्यवस्थित, सुरक्षित र मानवीय बनाउन पशु ढुवानी मापदण्ड, २०६४ र पशु कल्याण निर्देशिका, २०७३ लागू गरिएको छ। यी व्यवस्थाहरूले पशुलाई अनावश्यक पीडा, तनाव तथा क्रूरताबाट जोगाउँदै पशु स्वास्थ्य, कल्याण, सार्वजनिक स्वास्थ्य तथा खाद्य सुरक्षाको संरक्षण गर्ने उद्देश्य राखेका छन्। अव्यवस्थित

ढुवानीका कारण पशुको स्वास्थ्य, कार्य क्षमता, उत्पादन क्षमता र गुणस्तरीयतामा समेत प्रतिकूल प्रभाव पर्ने भएको र उपभोक्तालाई गुणस्तरीय पशुजन्य पदार्थ उपलव्ध गराउनका लागि ढुवानी सम्बन्धमा व्यवस्थित गर्न वान्छनीय भएकोले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ (दोश्रो संशोधन, २०६४) को नियम १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभागले पशु ढुवानी मापदण्ड बनाएको हो।

पशु ढुवानी मापदण्ड, २०६४ का मुख्य विषयवस्तु

- ❖ पशु ढुवानी गर्दा अपनाउनुपर्ने न्यूनतम मापदण्ड निर्धारण।
- ❖ पशुको प्रजाति, उमेर र आकारअनुसार पर्याप्त स्थान तथा सुरक्षित ढुवानीको व्यवस्था।
- ❖ ढुवानीका क्रममा दाना, पानी, विश्राम तथा उपयुक्त हावापानीको व्यवस्था।
- ❖ बिरामी, घाइते, गर्भिणी तथा नवजात पशुको विशेष संरक्षण।
- ❖ पशुलाई अनावश्यक पीडा, चोटपटक वा क्रूर व्यवहार हुन नदिने व्यवस्था।
- ❖ ढुवानीका साधन, लोडिङ अनलोडिङ तथा व्यवस्थापनलाई पशु कल्याणमैत्री बनाउने प्रावधान।

पशु ढुवानी कार्यलाई व्यवस्थित र मर्यादित बनाउन पशु सेवा विभागले पशु ढुवानी मापदण्ड र पशु कल्याण निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याएको छ । पशु पन्छीको ढुवानी गर्दा मानविय तवरले ढुवानी गर्नुपर्ने र त्यसको लागी आवश्यक न्यूनतम क्षेत्रफल को व्यवस्था गरेको छ सो न्यूनतम क्षेत्रफल तपशिल अनुरुप रहेको छ ।

पशुको प्रकार	प्रति पशु / सतह	कैफियत
गाई, भैसी जात (Adult)	०.८४ देखि १.२७ (वर्ग मिटर)	
पाडा बाच्छा	०.३ देखि ०.४ (वर्ग मिटर)	
सुंगुर-बंगुर Porker / Baconer	०.३ देखि ०.४ (वर्ग मिटर)	
भेडा बाखा	०.२ देखि ०.३ (वर्ग मिटर	

पशु कल्याण निर्देशिका, २०७३ का मुख्य विषयवस्तुहरुः

- ❖ पशुप्रति मानवीय व्यवहार र कल्याणको प्रवर्द्धन।
- ❖ पशुलाई भोक, तिर्खा, पीडा, चोट, रोग, डर तथा अनावश्यक तनावबाट संरक्षण।
- ❖ पालनपोषण, आवास, हेरचाह, ढुवानी तथा वधका क्रममा कल्याणका आधारभूत सिद्धान्तको पालना।
- ❖ पशुको स्वास्थ्य, व्यवहार र प्राकृतिक आवश्यकताअनुकूल व्यवस्थापनमा जोड।
- ❖ पशु कल्याणसम्बन्धी जनचेतना, जिम्मेवारी तथा सम्बन्धित निकायहरूको समन्वय र कार्यान्वयनलाई प्रोत्साहन।

पशु कल्याण मापदण्ड २०७३ ले परिच्छेद २ मा पशु कल्याण सम्बन्धि पशु कल्याणका आधारभूत पक्षको व्यवस्था गरेको छ । पशु कल्याण सुनिश्चित गर्न पशुलाई देहाय बमोजिमका आधारभूत पक्ष सुनिश्चित हुने गरी सुविधा उपलब्ध गराउनु पर्दछ ।

१. भोक, प्यास र कुपोषण हुन नदिने,
२. डर, त्रास र तनाव हुन नदिने,
३. भौतिक तथा शित, तापजन्य असुविधाबाट सुरक्षित गर्ने,
४. पीडा, घाउचोट र रोगव्याधिवाट सुरक्षित राख्ने ।
५. सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने अवस्था सुनिश्चित गर्ने ।

पशु ढुवानी मापदण्ड, २०६४ र पशु कल्याण निर्देशिका, २०७३ ले पशुहरूको ढुवानी, पालनपोषण तथा व्यवस्थापनका क्रममा मानवीय व्यवहार, सुरक्षा र कल्याण सुनिश्चित गर्ने आधार प्रदान गरेका छन्। यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनले पशु स्वास्थ्य, सार्वजनिक स्वास्थ्य, खाद्य सुरक्षा तथा असल पशुपालन अभ्यासलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

ग. पशु क्वारेन्टाइन (पहिलो संशोधन) कार्यविधि, २०७१ः

पशु क्वारेन्टाईन चेकपोष्टमा ल्याइएका पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको परीक्षण, निरीक्षण तथा प्रमाणीकरण गर्ने सम्बन्धमा यो कार्यविधि बनाइएको हो।

पैठारी गर्दा अपनाउनु पर्ने कार्यविधिः

नेपालमा पैठारी गरिने विभिन्न ठुला तथा साना पशु, चल्ला, माछा, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री, जैविकी पदार्थ तथा पशुको दानाको क्वारेन्टाईन जाँच गर्दा देहायको कार्यविधि अवलम्बन गर्नु पर्नेछ :

(क) पशु जाँच गर्दा :

१. नेपालमा पशु पैठारी गर्न चाहने कुनै व्यक्ति वा संस्थाले पशु पैठारी गर्दा पैठारी गरिने पशुको किसिम, जात, सहित उल्लेख भएको आधिकारिक निकायबाट दिएको स्वास्थ्य प्रमाणपत्र र सो मुलुकमा लगाइएको भ्याक्सिनको प्रमाणपत्र सहितको विवरण खोली कम्तीमा सात दिन अगावै सम्बन्धित पशु क्वारेन्टाइन चेकपोष्ट वा पशु सेवा विभागमा आवेदन दिनु पर्नेछ। सो आवेदन माथि पशु क्वारेन्टाईन चेकपोष्ट वा पशु सेवा बिभागबाट अनुमति प्राप्त गरेपछि मात्र पशु पैठारी गर्न सकिनेछ।

२. पैठारी गरिएका पशुको शारीरिक परीक्षण गर्दा सूचित गर्नु पर्ने तथा संक्रामक रोगहरूको लागि भौतिक परीक्षण तथा क्लिनिकल परीक्षण गर्नु पर्नेछ।

३. विभिन्न रोगहरूको तुलनात्मक परीक्षण गर्दा पशु सेवा बिभागबाट उपलब्ध गराइएको डिजिज रिकग्नीसन म्यानुअल उपयोगमा ल्याउनु पर्नेछ। पशु निकासी गर्ने मुलुकका सूचीकृत गर्नुपर्ने रोग विरुद्ध खोप लगाएको प्रामाणिक प्रमाणापत्र जाँची स्वस्थ्य भएको यकीन भएमा मात्र पशुहरू प्रवेश गर्न अनुमति दिनु पर्नेछ।

४. पैठारी गरिएका भेडा बाख्रा पालनका लागि पैठारी गरिएका भए उक्त भेडा बाख्रालाई अनिवार्य रुपमा पि. पि. आर. खोप लगाई क्वारेन्टाइन प्रमाणपत्र समेत जनाई पैठारी अनुमती दिनु पर्नेछ तर मासुको लागि आयात भएका र तुरुन्तै कटानमा जाने भेडा बाख्रालाई जाँच गर्दा स्वास्थ्य रहेको पाइएमा अन्य पशुसँग नमिसाउने शर्तमा सिधै विक्री वितरण गरी कटानमा पठाउन खोप नलगाएको प्रमाण प्रमाणपत्रमा उल्लेख गरी पैठारी गर्न अनुमती दिनु पर्नेछ ।

५. नियमावलीको नियम ६ को उपनियम (२) मा उल्लेख भएका संक्रामक रोगहरूको शंका लागेमा र ती रोगहरू विरूद्ध खोप लगाइएको प्रमाणपत्र नभएमा पैठारी गरिएका पशुहरूलाई सोही उपनियममा उल्लेख भए बमोजिमको अवधिसम्म क्वारेन्टाइनमा राख्नु पर्नेछ ।

६. जनस्वास्थ्य तथा पशु स्वास्थ्यमा प्रत्यक्ष दुष्प्रभाव पार्न सक्ने संक्रामक रोगहरूको शंका लागेमा जाँचको लागि नमूना प्रयोगशालामा पठाइएको अवस्थामा प्रयोगशालाको प्रतिवेदन नआएसम्म पैठारीकर्ताले वेच विखन गर्न नपाउने गरी पशु क्वारेन्टाईन कार्यालयको निगरानीमा पशुहरू क्वारेन्टाईन अधिकृतले तोकेको ठाँउमा राख्नु पर्नेछ ।

७. पशुहरूमा खोप लगाउनु पर्ने तथा नमूना जाँच गराउन प्रयोगशालामा पठाउनु पर्ने भएमा सोको लागि लाग्ने भ्याक्सिन, सिरीन्ज, निडिल, भ्याकुटेनर जस्ता औषधी तथा उपकरणका समपूर्ण खर्च पैठारीकर्ताले व्यहोर्नु पर्नेछ।

८. कुकुर तथा विरालो पैठारी गर्दा नियमावलीमा उल्लेख भए बमोजिमको ढाँचामा आधिकारिक निकायबाट प्राप्त स्वास्थ्य प्रमाणपत्र र रेविज भ्याक्सिन लगाएको प्रमाणपत्र सलग्न हुनु पर्नेछ। खरायो तथा मुसा पैठारी गर्दा आधिकारिक निकायबाट प्राप्त स्वास्थ्य प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

९. पशु पैठारी गर्दा कुनै पशु मरेको भेटिएमा अथवा संक्रामक रोगको शंका लागेमा त्यस्ता पशुलाई होल्डीङ यार्डमा राख्नु पर्छ। होल्डीङ यार्ड नभएको ठाउँमा पैठारी कर्ताको आफ्नो खर्चमा छुट्टै राख्ने व्यवस्था गर्नुपर्नेछ। प्रयोगशाला परीक्षणबाट संक्रामक रोगका जिवाणु रहेको यकीन भएमा ऐन नियम अनुसार गर्ने र सो नभएको प्रमाणित भएमा रीत पुर्याइ क्वारेन्टाईन प्रमाणपत्र प्रदान गरी प्रवेश गर्न दिन सकिने छ।

(ख) कुखुराको चल्ला जाँच गर्दा :

१. चल्ला पैठारी गर्दा प्रत्येक खेपमा अन्तर्राष्ट्रिय पशु स्वास्थ्य प्रमाणपत्र र विभागको सिफारिसपत्र साथैमा हुनु पर्नेछ ।

२. प्यारेन्ट चल्ला पैठारी गर्दा हवाइ मार्ग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित पशु क्वारेन्टाइन चेकपोष्टको बाटो बाट मात्र ल्याउनु पर्नेछ ।

३. चल्ला पैठारी गर्दा अनुसूची १ मा उल्लेखित मापदण्ड पूरा भएको हुनु पर्नेछ ।

(ग) माछा जाँच गर्दाः

१. माछाको भुरा पैठारी गर्दा विभागको सिफारिसपत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

२. पैठारी गरिने माछाको भुराको जात तथा मापदण्ड अनुसूची-२ बमोजिम हुनु पर्नेछ ।

३. मत्स्य पालनको लागि सिफारिस नभएका जात पैठारी, ओसार पसार र विक्री गर्न पाइने छैन। तर अनुसन्धान र परीक्षणको लागि नेपाल सरकारको मत्स्य विकास निर्देशनालयको पूर्व स्वीकृतिमा जुनसुकै जातको माछाको भुरा पैठारी गर्न सकिनेछ।

४. पैठारी गरिने माछाको भुराको साथमा अनुसूची-३ बमोजिमको अन्तर्राष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

५. खानको लागि पैठारी गरिएका प्रत्येक खेपको साथमा अनुसूची-४ बमोजिम अन्तर्राष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

६. पैठारी गरिने माछाको भुराको ढुवानी तथा प्याकिङ सम्बन्धी मापदण्ड अनुसूची-५ मा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

७. सिपी र गंगटा जाति पैठारी गर्दा प्रत्येक खेपको साथमा अनुसूची-६ फाराम १ देखि ३ अनुसारको इन्टरनेशनल एक्वेटिक एनिमल हेल्थ सर्टिफिकेट फर लाईभ मोलस्कस एण्ड ग्यामेट्स, इन्टरनेशनल एक्वेटिक एनिमल हेल्थ सर्टिफिकेट फर लाईभ एण्ड डेड क्रस्टेसियन्स, संलग्न हुनु पर्नेछ ।

८. एक्यारियम तथा अर्नामेन्टल प्रयोगको लागि पैठारी गरिने माछाको हकमा पनि भुरा माछा पैठारी गर्दा कै कार्यविधि अनुरुप हुनेछ ।

९. खाने माछा तथा भूरा जाँच गर्दा रोग भएको शंका लागेमा नजिकको मत्स्य विकास केन्द्रका वरिष्ठ मत्स्य विकास अधिकृत वा मत्स्य विकास अधिकृत वा जिल्ला कृषि विकास कार्यालय स्थित मत्स्य विकास अधिकृतको राय सल्लाह लिई सोही अनुरुप गर्नु पर्नेछ ।

१०. पैठारी गरिएका भुरा माछाहरूमा रोगको शंका लागी होल्ड गर्नु परेमा मत्स्य विकास केन्द्र वा मत्स्य प्रयोगशालामा रहेका होल्डिंग ट्यांक्कमा उक्त कार्यालयको अनुमति लिएर प्रयोग गर्न सकिने छ ।

११. भुरा माछा ल्याउन प्रयोग गरेको पानीलाई निसंक्रमण गरी सुख्खा जमीनमा फाल्ने व्यवस्था मिलाउनु पर्नेछ।

१२. नेपालमा मत्स्य पालनको लागि सिफारिस गरिएका जातका माछाका भुरा एवं सौन्दर्यका लागि एक्वोरियममा सजाउने उदेश्यले उष्ण जातिय माछा (Tropical Species) विदेशवाट पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र आयात गर्न सकिनेछ ।

१३. अनुसन्धान तथा परीक्षणको लागि नेपाल सरकारको पूर्व स्वीकृतिवाट आयात गरिने नयाँ जातका माछाका भुरा अन्तर्राष्ट्रिय हवाई मार्गबाट मात्र नेपाल प्रवेश गराउन पाइनेछ ।

(घ) पशु जन्य पदार्थ र पशु उत्पादन सामाग्री जाँच गर्दाः

१. निकासी गर्ने देशबाट जारी गरिएको प्रमाणपत्रमा उल्लेख भए अनुसारको भौतिक स्वरुप भए वा नभएको जाँच गर्नु पर्नेछ ।

२. तौल, प्याकिङ, लेबल तथा सिलवन्दी ठीक भएको वा नभएको जाँच गर्नु पर्नेछ ।

३. सिलबन्दी नभएकोमा वा सिलबन्दी ठीक नभएकोमा बास्ना, रंगग एवं वस्तुको अवस्थाको सम्बन्धमा परीक्षण गर्नु पर्नेछ ।

४. अवशेष, संक्रमण गर्ने तत्व तथा परिवर्तित संकेतको पहिचान गर्नु पर्नेछ ।
५. उपयुक्त तापक्रममा रहे नरहेको पहिचान गर्नु पर्नेछ र आवश्यक परेमा तापक्रम जाँच गर्ने आवश्यक उपकरण समेत प्रयोग गर्नु पर्नेछ ।
६. खाने अन्डा तथा चल्ला उत्पादन गर्ने अन्डाको पैठारी गर्दा तोकेका मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।
७. पैठारी गरिने पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीहरूको साथमा सेनेटरी प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
८. पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्री पैठारी गर्दा प्रयोग भएको सवारी साधनमा संक्रामक रोगका किटाणु भएको शंका लागेमा त्यस्ता वस्तु उत्पादन भएको स्थानमा पाइने पशु रोगको स्थिति बारे जानकारी लिनु पर्नेछ ।
९. पशु आहारा, औद्योगिक वा औषधिको रुपमा प्रयोग हुने पशु जन्य पदार्थ पैठारी गर्दा आधिकारिक निकायबाट प्राप्त सेनेटरी प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।
१०. पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्री पैठारी गर्दा प्रयोग गरिने साधन, भाडा, कन्टेनर आदि सो पदार्थको हित तथा बचावटलाई ध्यानमा राखी बनाएको हुनु पर्नेछ र ती समानहरू प्रयोग गर्नुभन्दा अगावै सफा र निःसंक्रमण गरेको हुनु पर्नेछ ।

(ङ) जैविक पदार्थ जाँच गर्दाः

१. जैविक पदार्थ पैठारी गदां प्रत्येक पटक विभागको सिफारिसपत्र समेत साथै संलग्न गर्नु पर्नेछ।
२. जैविक पदार्थ विक्री वितरण तथा पैठारी गर्न निवेदन दिंदा नियमावलीको अनुसूची-११ अनुसारको विवरण समेत साथै संलग्न गर्नु पर्नेछ ।
३. जैविक पदार्थ पैठारी गदां अटुट रुपमा कोल्डचेनको व्यवस्था मिलाएको हुनु पर्नेछ ।
४. भ्याक्सिन उत्पादन गर्न प्रयोग गरिएको अन्डा वा सेललाईनको स्रोत तथा कुन कुन रोगमुक्त छ सो खुलेको प्रमाणपत्र तथा गुणस्तर परीक्षणको लागि अपनाइएको प्रक्रियाको प्रतिवेदन कन्साइनमेन्ट साथ उपलब्ध गराउनु पर्नेछ ।
५. पैठारी गरिएका जैविक पदार्थहरूको प्रत्येक भाइलमा देहायको विवरण उल्लेख भएको लेबल स्पष्ट रुपमा अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ

(क) Scientific name of the product (उत्पादनको वैज्ञानिक नाम)
(ख) Product trade name (उत्पादनको व्यापारिक नाम।
(ग) Lot/serial number (लट/सिरियल नम्बर)
(घ) Manufacturing date (उत्पादन मिति)
(ङ) Expiry date (म्याद समाप्त हुने मिति)
(च) Volume and number of doses (मात्राको परिमाण र संख्या)
(छ) Name and address of the manufacturer (उत्पादक कम्पनीको नाम तथा ठेगाना।
(ज) Direction for use (प्रयोग गर्ने विधि)
(झ) Only for veterinary use (भेटेरिनरी प्रयोजनको लागि मात्र)
(ञ) Process for safe disposal of the vials (सुरक्षित ढंगबाट सामान तह लगाउने विधि।

६. पैठारी गरिएका जैविक पदार्थहरूको सेल्फ लाईफ लेवलमा उल्लेख भएको अवधिको कम्तिमा पनि आधा अवधिको हुनु पर्नेछ ।

(च) पशुको दाना जाँच गर्दाः

१. पशुको तयारी दाना पैठारी गर्दा विभागको सिफारिसपत्र अनिवार्य संलग्न हुनु पर्नेछ ।
२. पशुदाना प्याक गरिने बोरा नाईलनको वा जुटबाट भित्र पट्टी प्लाष्टिक लाईनिंग गरी बनाईएको र कुनै पनि भागमा हुक नगरिएको हुनु पर्नेछ ।
३. पशु दानाको बोरामा देवनागरी लिपी वा अंग्रेजी भाषामा देहायको विवरण लेखिएको लेवल हुनुपर्नेछ :-

a. उत्पादकको नाम र ठेगाना

b. उत्पादनको व्यापारिक नाम

c. व्याच वा कोड नम्बर

d. तौल (किलोग्राममा)

e. उत्पादन मिति

f. प्रयोग गर्न सकिने मिति

g. प्रयोग गरिएको कच्चा पदार्थको नाम

४. पैठारी गर्न लागिएको व्याच वा कोड नम्बरको पशु दानाको निम्न चारित्रिक गुणहरूको आधिकारिक प्रयोगशालाबाट परीक्षण गरिएको प्रयोगशाला परीक्षणको नतिजा अनिवार्य रुपमा संलग्न गरेको हुनुपर्नेछ :

(क) जलाश

(ख) कुड प्रोटिन

(ग) कुड फ्याट

(घ) कुड फाइवर

(ङ) टोटल आस

साथै दानामा कुनैपनि एन्टीवायोटिक्स हुनुहुँदैन ।

त्यसै गरी उक्त कार्यविधिमा नमुना परिक्षण गर्दा अपनाउनु पर्ने विधि, नमुना संकलन गर्ने विधि समेत उल्लेख छ त्यसै गरी पैठारी गरीएका बस्तुहरुको क्वारेन्टाइन प्रमाणपत्र दिने विधि समेत उल्लेख गरिएको छ । निकासी गर्दा अपनाउनु पर्ने विधि, सिफारिस लिन आवश्यक कागजात र ऐन नियमावली निर्देशिकामा नभएका विषयमा विश्व पशु स्वास्थ्य संगठन निर्धारण गरेको अन्तर्राष्ट्रिय मापदण्ड लागु हुने कुरा समेत उल्लेख छ । यसका अतिरिक्त माछा, माछाका भुरा, चल्ला उत्पादन गर्ने अण्डा, खाने अण्डा सम्बन्धी क्वारेन्टाइन मापदण्ड त्यस्तै गरी माछाको भुरा ढुवानी तथा प्याकिङ्ग सम्बन्धी मापदण्ड समेत उल्लेख छ ।

अनुसूची १: **प्यारेन्ट र कमर्सियल चल्ला पैठारीको लागि क्वारेन्टाइन मापदण्ड**

१. चल्लाको साथ अन्तर्राष्ट्रिय पशु स्वास्थ्य प्रमाणपत्र पेश गरिएको हुनुपर्छ ।

२. चल्ला सिपमेन्ट भएको दिनमा कुनै रोगको लक्षण देखिएको हुनु हुँदैन ।

३. चल्ला उत्पादन भएको ह्याचरी र ब्रिडिङफार्म सालमोनेला पुलोरम, सालमोनेला ग्यालिनेरम, सालमोनेला इन्टेरीटडीस, सालमोनेला टाइफिमोरियम, माइकोप्लाज्मोसिस, चिकेन इन्फेक्सियोस एनिमिया, एभियन इन्सेफालोमाइलाईटिस, एभियन इन्ल्यूएन्जा, एडिनोभाइरस, रियोभाइरस, लिउकोसिस, मेरेक्स र इडिएस रोग मुक्त भएको हुनुपर्छ ।

४. चल्ला उत्पादन गर्ने माउमा लगाउने गरेको भ्याक्सिनेसन सेड्युल समावेश गरिएको हुनुपर्छ ।

५. चल्लामा पहिलो दिनमा मरेक्स रोगको रिस्पेन्स स्ट्रेन भ्याक्सिन लगाएको हुनु पर्नेछ । उपरोक्त भ्याक्सिन नलगाएको चल्लाहरूलाई ३ दिनभित्र उक्त भ्याक्सिन लगाइ कम्तीमा २१ दिनसम्म विक्री वितरण नगरी भेटेरिनरी निरीक्षक वा क्वारेन्टाइन अधिकृतको निगरानीमा तोकिएको ठाँउमा राख्नुपर्छ ।

६. चल्लाको तौल कम्तिमा ३३ ग्रामको हुनुपर्छ ।

७. चल्लाको जात र नश्ल स्पेसिफिकेसन अनुसार हुनुपर्छ ।

८. चल्लाको मलद्वारमा सुलि र शरीरमा फोहर मैला नलागेका हुनुपर्छ।

९. चल्ला फुर्तिलो र आँखा चम्किलो भएको हुनुपर्छ ।

अनुसूची २ : पैठारीको लागि माछाको भुराको गुणस्तर मापदण्ड

(क) माछाको भुरा भन्नाले नेपाल अधिराज्यमा मत्स्य पालनको लागि सिफारिस गरिएका मत्स्य अध्ययन, अनुसन्धान, स्टक इन्ट्यान्समेट (Stock Enhancement) तथा सौन्दर्यका लागि एक्वोरियम वा अन्यत्र सजाउने देहायको अवस्थाको मत्स्य बीजलाई सम्झनु पर्छ ।

१. भूर्ण अवस्थाको फुल (Spawn),

२. ह्याचलिङ, गर्नेपोषण थैली (Yolk-sac) उपयोग भैसकेको र स्वतन्त्र रुपमा पानीमा तैरने क्षमता विकास हुँदै गरेको भुसुना माछा भुरा,

३. आँखा विकसित भएको भूर्ण (Eyed-egg),

४. सानो माछा भुरा (Fry): सरदर २ ग्राम सम्म तौल भएको,

५. ठूलो माछा भुरा (Fingerling) सरदर २ देखि १० ग्रामसम्म तौल भएको,

६. वर्षे भूरा (Advanced Fingerling) सरदर १० ग्राम भन्दा माथि तौल भएको,

७. भिंगे माछा वर्ग (Crustacea) मा पर्ने भर्खर जन्मेका लाभी अवस्था (Lerval) पार गरी सकेर बयस्क अवस्थाको शारिरीक विकास भैसकेको अवस्थाको भुरा ।

(ख) मत्स्य बीज एवं जिंउदो माछा पैठारी गर्दा अनुसूची-३ बमोजिमको अन्तर्राष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।

(ग) माछाको भुरा ढुवानीको लागि तयार गरिएको अवस्था सम्ममा कुनै रोगको लक्षण नदेखिएको हुनु पर्नेछ ।

(घ) माछा भुरा उत्पादन गर्ने मत्स्य ह्याचरी एवं मत्स्य नर्सरीसँग सम्बद अन्य संरचना (facilities) अनुसूची-३ बमोजिमको अन्तर्राष्ट्रिय मत्स्य स्वास्थ्य प्रमाणपत्रमा उल्लेख भएका माछाका रोगबाट मुक्त भएको हुनुपर्छ ।

(ङ) माछा भुराको जात र नश्ल प्रमाणित भएको हुनुपर्छ ।

(च) माछाको भुरा स्वस्थ, फुर्तिलो र आँखा चम्किलो भएको हुनुपर्छ ।

५. सीमाबिहिन पशुरोगहरु बारे जानकारी (Transboundary Animal Diseases)

सीमाबिहिन पशु रोग भन्नाले त्यस्ता संक्रामक पशु रोगलाई बुझिन्छ जुन रोग एक स्थान बाट अर्को स्थानमा सजिलै कुनै पनि रोकतोक बिना सर्न सक्छन र कुनै पनि रास्ट्रिय तथा अन्तर्राष्ट्रिय सीमाको प्रभाव राख्दैनन्। त्यस्ता सीमाबिहीन रोगहरु जीवाणु र बिषाणुबाट पशुपन्छीमा लाग्ने गर्छ र त्यसमध्ये केहि त मानिसमा समेत सर्न सक्ने खालका हुन्छन त्यस्ता रोगलाई जुनोटिक रोग भनिन्छ। **केहि सीमाबिहिन पशु रोगहरु यसप्रकार छन ।**

१. खोरेत	७. लम्की स्किन डिजिज
२. पि. पि. आर.	८. ग्लेंडर्स
३. अफ्रिकन स्वाइन फिभर	९. डक भाइरल हेपाटाईटिस र डक भाइरल इन्टेराइटिस्
४. क्लासिकल स्वाइन फिभर	१०. चिकेन इन्फेक्सियस एनेमिया
५. बर्ड फ्लु	११. रानीखेत
६. ब्लु टंग	१२. टक्सोप्लाज्मोसिस

६. प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance/AMR)

- एन्टिबायोटिक प्रतिरोध भन्नाले जीवाणु विरूद्ध एन्टिबायोटिकले प्रभाव गर्न छाडेको अवस्था हो। एन्टिबायोटिक प्रतिरोध करोडौं मानव जीवन तथा पशु स्वास्थ्य, पशु कल्याण र पशु उत्पादनको लागि खतरा बनेको छ ।

- ❖ जति धेरै एन्टिबायोटिकको प्रयोग भयो उति धेरै एन्टिबायोटिक प्रतिरोध विकास हुने सम्भावना रहन्छ । त्यसैले आवश्यक परेको अवस्थामा मात्रै एन्टिबायोटिकको प्रयोग गर्नु महत्त्वपूर्ण हुन्छ ।
- ❖ रोगको रोकथामको लागि अवलम्बन गरिने असल पशुपालन अभ्यास, जैविक सुरक्षा र खोपले बथानमा एन्टिबायोटिकको आवश्यकता कम गर्दछन् । रोग विरूद्धको लडाइँमा एन्टिबायोटिकलाई अन्तिम अस्त्रका रूपमा मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ ।

एन्टिमाइक्रोबियल प्रतिरोधः जनावर तथा मानिसको स्वास्थ्यका लागि बढ्दो खतरा

एन्टिमाइक्रोबियल औषधिहरू, विशेषगरी एन्टिबायोटिकहरू, आधुनिक चिकित्सा तथा पशु चिकित्सामा भएको सबैभन्दा महत्त्वपूर्ण उपलब्धिहरूमध्ये एक मानिन्छन्। यी औषधिहरूको विकासले ब्याक्टेरियाजन्य संक्रमणको प्रभावकारी उपचार सम्भव बनाएको छ, जसका कारण मानिस तथा जनावरको स्वास्थ्य, आयु र जीवनस्तरमा उल्लेखनीय सुधार आएको छ। साथै, सुरक्षित पशुपालन, खाद्य उत्पादन तथा सार्वजनिक स्वास्थ्य संरक्षणमा समेत एन्टिमाइक्रोबियल औषधिहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्।

आधुनिक एन्टिमाइक्रोबियल औषधिहरूको विकास हुनुअघि सामान्य चोटपटक, घाउ वा साना संक्रमणहरू समेत गम्भीर बन्दै रगतमा संक्रमण (Septicemia) फैलिन सक्थ्यो, जसले धेरै अवस्थामा मृत्यु समेत निम्त्याउने गर्थ्यो। तर आज सूक्ष्मजीवहरूमा एन्टिमाइक्रोबियल औषधिप्रति प्रतिरोधी क्षमता (Antimicrobial Resistance; AMR) विकास हुँदै जाँदा यस्ता औषधिहरूको प्रभावकारिता क्रमशः घट्दै गएको छ। फलस्वरूप, पहिले सहज रूपमा उपचार गर्न सकिने संक्रमणहरू पनि अहिले जटिल, महँगो तथा लामो समयसम्म उपचार गर्नुपर्ने अवस्था सिर्जना भइरहेको छ। यसले जनावर तथा मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पार्नुका साथै पशु उत्पादन, खाद्य सुरक्षा, जीविकोपार्जन र सार्वजनिक स्वास्थ्यमा समेत गम्भीर चुनौती उत्पन्न गरेको छ। त्यसैले एन्टिमाइक्रोबियल प्रतिरोध आज विश्वव्यापी रूपमा जनावर तथा मानिसको स्वास्थ्य र कल्याणका लागि सबैभन्दा महत्त्वपूर्ण उदयमान खतरामध्ये एक मानिएको छ। आज एन्टिमाइक्रोबियल औषधिहरू (जस्तै: एन्टिबायोटिक, एन्टिभाइरल, एन्टिफङ्गल तथा एन्टिप्यारासाइटिक औषधि) ले मानिस र जनावर दुवैलाई धेरै संक्रामक रोगहरूबाट जोगाई लामो तथा स्वस्थ जीवन बाँच्न महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। तर सूक्ष्मजीवहरू (ब्याक्टेरिया, भाइरस, फङ्गस तथा परजीवीहरू) मा औषधिप्रति प्रतिरोधी क्षमता विकास हुँदै जाँदा यी औषधिहरूको प्रभावकारिता क्रमशः घट्दै गएको छ। यस अवस्थालाई **एन्टिमाइक्रोबियल प्रतिरोध (Antimicrobial Resistance; AMR)** भनिन्छ। एन्टिमाइक्रोबियल प्रतिरोधका कारण औषधिले प्रभाव नपार्ने **"सुपरबग"** हरूको विकास भइरहेको छ। यस्ता प्रतिरोधी सूक्ष्मजीवका कारण संक्रामक रोगहरूको रोकथाम, नियन्त्रण तथा उपचार कठिन बन्दै गएको छ। परिणामस्वरूप स्वास्थ्यकर्मी, पशु चिकित्सक तथा अन्य पशु स्वास्थ्य सेवा प्रदायकहरूले प्रभावकारी उपचार उपलब्ध गराउन चुनौती सामना गरिरहेका छन्, जसले मानिस र जनावर दुवैको स्वास्थ्यमा गम्भीर असर पारिरहेको छ। एन्टिमाइक्रोबियल प्रतिरोधले विगतका दशकहरूमा स्वास्थ्य क्षेत्रमा हासिल भएका उपलब्धिहरूलाई जोखिममा पारेको छ। आज यो विश्वव्यापी रूपमा मृत्यु तथा रोगभार बढाउने प्रमुख सार्वजनिक स्वास्थ्य समस्यामध्ये एक बनेको छ। यसले मानव स्वास्थ्य, पशु स्वास्थ्य, खाद्य सुरक्षा, खाद्य उत्पादन प्रणाली, वातावरण तथा जीविकोपार्जनमा समेत गम्भीर प्रभाव पारिरहेको छ। त्यसैले AMR लाई **"One Health"** अवधारणाअनुसार मानव, पशु र वातावरणको साझा चुनौतीका रूपमा हेरिन्छ।

यद्यपि, एन्टिमाइक्रोबियल प्रतिरोधको विकास र फैलावटलाई नियन्त्रण गर्न प्रभावकारी उपायहरू उपलब्ध छन्। एन्टिमाइक्रोबियल औषधिको विवेकपूर्ण (Prudent) र जिम्मेवार (Responsible) प्रयोग, संक्रमणको रोकथाम, जैविक सुरक्षा (Biosecurity), खोप कार्यक्रम, नियमित निगरानी तथा जनचेतना अभिवृद्धिमार्फत यसको जोखिमलाई उल्लेखनीय रूपमा घटाउन सकिन्छ। यसका लागि किसान, पशुपालक, जलचर प्राणी उत्पादक, पशु स्वास्थ्यकर्मी, स्वास्थ्यकर्मी, नीति निर्माता तथा आम नागरिक सबैको सक्रिय सहभागिता अत्यावश्यक हुन्छ।

पशु, मानव, वनस्पति र वातावरणीय स्वास्थ्यमा एन्टिमाइक्रोबियल प्रतिरोध (AMR) को प्रभाव

एन्टिमाइक्रोबियल प्रतिरोध (Antimicrobial Resistance; AMR) ले **मानव, पशु, वनस्पति तथा वातावरणीय स्वास्थ्य** सबैमा गम्भीर असर पार्ने भएकाले यसलाई **"One Health"** को प्रमुख चुनौतीका रूपमा लिइन्छ।

सूक्ष्मजीवहरूमा औषधिप्रति प्रतिरोधी क्षमता विकास हुँदा संक्रमणको उपचार कठिन हुने, रोगको अवधि लम्बिने, उपचार खर्च बढ्ने तथा मृत्युको जोखिमसमेत वृद्धि हुने गर्दछ।

पशु स्वास्थ्यमा प्रभाव

स्थलीय तथा जलीय जनावरहरूमा एन्टिबायोटिक-प्रतिरोधी ब्याक्टेरियाको फैलावटले रोग नियन्त्रण र उपचारलाई जटिल बनाउँछ। यसको परिणामस्वरूप जनावरहरूको पीडा, मृत्यु तथा उत्पादन क्षमतामा ह्रास आउँछ। विश्वभर करिब **१.३ अर्ब मानिसको जीविकोपार्जन पशुपालनमा** र **२ करोडभन्दा बढी मानिसको जीविकोपार्जन मत्स्य तथा जलचर उत्पादनमा** निर्भर रहेकाले AMR ले खाद्य उत्पादन, आयआर्जन र आर्थिक सुरक्षामा समेत प्रत्यक्ष असर पार्दछ।

वातावरणीय स्वास्थ्यमा प्रभाव

एन्टिबायोटिकहरूको अविवेकी प्रयोग तथा औषधिजन्य फोहोरको अनुचित व्यवस्थापनका कारण औषधिका अवशेष माटो, नदी, ताल तथा अन्य जलस्रोतमा पुग्न सक्छन्। यस्ता वातावरणमा प्रतिरोधी ब्याक्टेरियाहरूको विकास र विस्तार हुने सम्भावना बढ्छ। उपचार गरिएका जनावरहरूको मलमूत्रमार्फत पनि प्रतिरोधी ब्याक्टेरिया वातावरणमा फैलिन सक्छन्, जसले वन्यजन्तु, अन्य जनावर तथा मानिससम्म संक्रमणको जोखिम बढाउँछ। त्यसैले एन्टिमाइक्रोबियल औषधिको जिम्मेवार प्रयोग, प्रयोग नगरिएका तथा म्याद सकिएका औषधिको सुरक्षित विसर्जन, साथै औषधि उत्पादन उद्योग तथा पशुपालन क्षेत्रबाट निस्कने फोहोरको उचित व्यवस्थापन अत्यन्त आवश्यक हुन्छ।

मानव स्वास्थ्यमा प्रभाव

मानिसमा एन्टिबायोटिकको अनावश्यक वा गलत प्रयोगका कारण पनि प्रतिरोधी ब्याक्टेरियाको विकास तीव्र गतिमा भइरहेको छ। हाल विश्वभर अस्पतालजन्य संक्रमणहरूमा प्रतिरोधी ब्याक्टेरियाको समस्या बढ्दो छ। गोनोरिया, मूत्रनलीको संक्रमण (Cystitis), निमोनिया, क्षयरोग तथा शल्यक्रियापछि हुने संक्रमणहरू पहिलेको तुलनामा उपचार गर्न कठिन हुँदै गएका छन्। यसले बिरामीको उपचार अवधि, स्वास्थ्य सेवा खर्च तथा मृत्युको जोखिम बढाएको छ। पशुजन्य खाद्य पदार्थ वा अन्य माध्यमबाट मानिसमा प्रतिरोधी सूक्ष्मजीव सर्ने सम्भावना भए पनि त्यसबाट प्रत्यक्ष कति मानव मृत्यु भएको छ भन्ने विषयमा अझै अनुसन्धान जारी रहेको छ।

निष्कर्ष

एन्टिमाइक्रोबियल प्रतिरोधले मानव, पशु, वनस्पति र वातावरणीय स्वास्थ्यका साथै खाद्य सुरक्षा, आर्थिक विकास र जीविकोपार्जनमा गम्भीर असर पारिरहेको छ। त्यसैले एन्टिमाइक्रोबियल औषधिहरूको प्रभावकारिता दीर्घकालसम्म कायम राख्न तथा विगतका दशकहरूमा स्वास्थ्य क्षेत्रमा हासिल भएका उपलब्धिहरूको संरक्षण गर्न **एन्टिमाइक्रोबियल प्रतिरोधको रोकथाम र नियन्त्रण अपरिहार्य** छ। यसका लागि **One Health** अवधारणाअनुसार मानव स्वास्थ्य, पशु स्वास्थ्य, कृषि र वातावरण क्षेत्रबीच प्रभावकारी समन्वय, निगरानी तथा जिम्मेवार एन्टिमाइक्रोबियल प्रयोग आवश्यक छ।

ब्याक्टेरिया कसरी औषधिप्रति प्रतिरोधी बन्छन्?

एन्टिबायोटिकहरूले मानिस तथा जनावरमा रोग उत्पन्न गर्ने ब्याक्टेरियाको वृद्धि रोक्ने वा तिनलाई नष्ट गर्ने कार्य गर्छन्। गाईभैंसीमा हुने **थुनेलो (Mastitis)**, कुकुरमा हुने **श्वासप्रश्वास तथा मूत्रमार्गको संक्रमण**, तथा माछामा हुने **स्ट्रेप्टोकोकल संक्रमण** जस्ता धेरै ब्याक्टेरियाजन्य रोगहरूको उपचारमा एन्टिबायोटिकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। यी औषधिहरूले जनावरको पीडा कम गर्नुका साथै मृत्यु दर घटाई पशु स्वास्थ्य तथा कल्याणमा उल्लेखनीय योगदान पुऱ्याएका छन्। तर, ब्याक्टेरियाहरू आफ्नो वातावरणअनुसार अनुकूलन हुन सक्ने अत्यन्त सक्षम सूक्ष्मजीव हुन्। समयक्रममा हुने **आनुवंशिक उत्परिवर्तन (Genetic Mutation)** तथा ब्याक्टेरियाबीच **प्रतिरोधी जीनको स्थानान्तरण (Gene Transfer)** का कारण केही ब्याक्टेरियाले एन्टिबायोटिकको प्रभावबाट बच्न सक्ने क्षमता विकास गर्छन्। यस्तो प्रतिरोधी क्षमता भएका ब्याक्टेरियाहरू एन्टिबायोटिकको उपस्थितिमा पनि जीवित रहन्छन् र **प्राकृतिक छनोट (Natural Selection)** को प्रक्रियामार्फत वृद्धि तथा फैलावट हुँदै जान्छन्। फलस्वरूप, पहिले प्रभावकारी रहेका एन्टिबायोटिकहरूले क्रमशः आफ्नो प्रभावकारिता गुमाउन थाल्छन्।

यसको अर्थ एन्टिबायोटिकको प्रयोग बन्द गर्नुपर्छ भन्ने होइन। बरु, यी औषधिहरूलाई **आवश्यक परेको अवस्थामा मात्र, सही तरिकाले र जिम्मेवारीपूर्वक** प्रयोग गर्नुपर्छ। विश्वव्यापी रूपमा मानव तथा पशु स्वास्थ्यका लागि एन्टिबायोटिक अपरिहार्य औषधि हुन्, र चिकित्सकीय आवश्यकता पर्दा तिनको प्रयोग नगर्नु कुनै विकल्प होइन। साथै, पशुहरूको स्वास्थ्य र कल्याणको संरक्षण गर्नु हाम्रो साझा दायित्व पनि हो। यद्यपि, एन्टिबायोटिकको **अनावश्यक, अनुचित तथा अत्यधिक प्रयोग**ले औषधिप्रति प्रतिरोध (Drug Resistance) को विकासलाई तीव्र बनाउँछ। उदाहरणका लागि, गाईभैंसीमा हुने **भाइरल संक्रमण** को उपचारमा एन्टिबायोटिक प्रयोग गर्नु प्रभावकारी हुँदैन, किनकि एन्टिबायोटिकहरू **ब्याक्टेरियाविरुद्ध मात्र प्रभावकारी हुन्छन्, भाइरसविरुद्ध होइनन्।** त्यसैगरी, खाद्य उत्पादनका लागि पालिने पशुहरूमा वृद्धि प्रवर्द्धन (Growth Promotion) का उद्देश्यले एन्टिबायोटिकको अत्यधिक प्रयोग गर्नु पनि प्रतिरोधी ब्याक्टेरियाको विकासको प्रमुख कारणमध्ये एक हो।

त्यसैले, एन्टिबायोटिकको **विवेकपूर्ण (Prudent) र जिम्मेवार (Responsible) प्रयोग** नै एन्टिमाइक्रोबियल प्रतिरोध नियन्त्रण गर्ने सबैभन्दा प्रभावकारी उपाय हो। आवश्यक परेको अवस्थामा मात्र उचित मात्रामा र निर्धारित अवधिसम्म एन्टिबायोटिक प्रयोग गरेमा प्रतिरोधी ब्याक्टेरियाको विकासको सम्भावना कम गर्न सकिन्छ, साथै मानिस, पशु, वनस्पति तथा वातावरणको स्वास्थ्यलाई दीर्घकालसम्म सुरक्षित राख्न सकिन्छ।

समाधानः एन्टिमाइक्रोबियलहरूको रोकथाम र जिम्मेवारपूर्ण प्रयोग

एन्टिमाइक्रोबियल प्रतिरोध (Antimicrobial resistance) लाई नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण लाग्न सक्छ। यद्यपि, यो कसरी गर्ने भन्नेबारे हामीलाई पहिले नै थाहा छ। पशु स्वास्थ्यको क्षेत्रमा, यी बहुमूल्य औषधिहरूको जिम्मेवारपूर्ण प्रयोग सुनिश्चित गर्न र भविष्यमा पनि तिनलाई प्रभावकारी बनाइराख्न किसान, जलचर प्राणी उत्पादक, घरपालुवा जनावरका मालिक तथा सम्बन्धित पेसाकर्मीहरूले विभिन्न उपायहरू अपनाउन सक्छन्। तनावपूर्ण वातावरणमा बस्दा वा सरसफाइको अवस्था कमजोर हुँदा जनावरहरू रोगहरूको लागि बढी संवेदनशील हुन्छन्। त्यसकारण, रोग रोकथाममा केन्द्रित असल पशु पालन अभ्यासहरू पालना गर्नु र जिम्मेवारीपूर्वक एन्टिमाइक्रोबियलहरू प्रयोग गर्नु आवश्यक छ। यसो गर्दा, हामी सामूहिक रूपमा एन्टिमाइक्रोबियल प्रतिरोधको विकासलाई सीमित गर्न सक्छौं र भविष्यका पुस्ताका जनावरहरू र मानिसहरूका लागि एन्टिमाइक्रोबियलहरूको प्रभावकारितालाई सुरक्षित गर्न सक्छौं। विश्वव्यापी रूपमा बढ्दो संख्यामा किसानहरू र पशु स्वास्थ्य पेशेवरहरूले AMR को खतरालाई सफलतापूर्वक सम्बोधन गर्न पहिले नै आफ्नो अभ्यासहरू परिवर्तन गरिरहेका छन्। यी प्रयासहरू सबैलाई प्रेरणादायी र सुरक्षा प्रदान गरिरहेका छन्। यी उदाहरणहरू पालना गरौं किनकि अझै धेरै गर्न बाँकी छ।

एक स्वास्थ्यः AMR को वृद्धिलाई रोक्न हामी सबैको भूमिका छ

पशु स्वास्थ्य, मानव स्वास्थ्य, र वातावरणीय स्वास्थ्य आन्तरिक रूपमा एकअर्कासँग गाँसिएका र अन्तरनिर्भर छन्। जमिन, स्रोतहरू र रोगजनकहरू हामी सबैको साझा छ। प्रतिरोधी ब्याक्टेरियाका खतरनाक प्रजातिहरू जनावर, मानव र वनस्पतिहरु बीच र भित्र फैलिन सक्छन् र पानी, माटो र हावा मार्फत यात्रा गर्न सक्छन्, बाटोमा जंगली जनावरहरूलाई संक्रमित गर्न सक्छन्। मानव रोग निम्त्याउने ६०% भन्दा बढी रोगजनकहरू घरेलु जनावर वा वन्यजन्तुबाट उत्पन्न हुने भएकाले, जनावर र वातावरणको स्वास्थ्यको रक्षा गर्नाले मानव स्वास्थ्यको रक्षा हुन्छ।

एन्टिमाइक्रोबियल प्रतिरोध (Antimicrobial resistance) विरुद्धको लडाइँ वास्तवमै एक विश्वव्यापी प्रयास हो र यसलाई 'एक स्वास्थ्य' (One Health) दृष्टिकोणमार्फत सम्बोधन गरिनुपर्छ। यसैले गर्दा मानव, पशु, वनस्पति र वातावरणीय स्वास्थ्यसँग सम्बन्धित क्षेत्रहरूबीचको सहकार्य अत्यन्त महत्त्वपूर्ण छ। मानिस, पशु र वनस्पतिमा एन्टिमाइक्रोबियलको अत्यधिक प्रयोग घटाएर मात्र हामी उत्कृष्ट विश्वव्यापी स्वास्थ्य हासिल गर्न सक्षम हुनेछौं।

७. पशु क्वारेन्टाइन सम्बन्धी प्रक्रिया र आवश्यक कागजातहरुः

नेपालमा हाल प्रचलनमा रहेको क्वारेन्टाइन जाँच प्रक्रियाः

हाल नेपालको पशु क्वारेन्टाइनमा ३ तहको जाँच प्रक्रिया कार्यन्वयनमा रहेको छ। ति निम्नानुसार रहेका छन।

अ. सीमा-पूर्व निरीक्षण (Pre-Border Inspection):

पशु, पशुजन्य पदार्थ, तथा पशु उत्पादन सामग्री क्वारेन्टाइन चेकपोस्टमा आउनुपुर्व गरिने जाँच Pre-Border Inspection हो। यस अन्तर्गत पैठारीकर्ताले ल्याउन खोजेको वा चाहेको पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीको बारेमा विभाग वा क्वारेन्टाइन कार्यालयमा जानकारी गराई आवश्यक कागजात पेश गरि आयातको अनुमति माग गर्दछ। त्यसपश्चात विभाग (क्वारेन्टाइन महाशाखा) वा क्वारेन्टाइन कार्यालयले जोखिम अध्ययन र त्यसको विस्लेषण गरी सिफारिस दिने गर्दछ। यस अन्तर्गत पैठारी हुने सामानको उद्गम स्थल र त्यसको अवस्थाको उपलब्ध सुचनाका आधारमा विश्लेषण गर्ने गरिन्छ ।

आ. सीमा क्षेत्रमा निरीक्षण (Border Inspection):

यस अन्तर्गत पैठारीको अनुमति प्राप्त पैठारी कर्ताले पैठारी गरेको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री सीमामा (क्वारेन्टाइन चेकपोस्ट/ भन्सार बिन्दु) आइसकेपछि जाँच सुरु हुन्छ। यस अन्तर्गत दस्तावेजीय जाँच, भौतिक जाँच, क्लिनिकल जाँच, नमुना संकलन, आवश्यकता अनुसार प्रयोगशाला परिक्षण (Laboratory Test, Serological Test, Bacteriological, Virological Test), रोगको शंका लागेमा क्वारेन्टाइन स्थलमा छुट्टाएर राख्ने, इपिडेमियोलोजिकल अध्ययन गर्ने र अन्त्यमा सबै जाँच दुरुस्त पाइएमा क्वारेन्टाइन प्रमाणपत्र प्रदान गरिन्छ ।

इ. सीमा पास पश्चात निरीक्षण (Post-Border Inspection):

यसमा पैठारी पश्चात त्यसको प्रभाव / असरको अध्ययन विश्लेषण गर्ने गरिन्छ । यसले आगामी पैठारी अनुमति जस्ता कार्यलाई समेत मार्गनिर्देशन गर्ने गर्छ ।

क. चल्ला/माछाको भुरा/पशु/पशुजन्य पदार्थ/पशु उत्पादन सामग्री पैठारी गर्दा आवश्यक क्वारेन्टाइन प्रक्रिया:

1. NNSW मा आफ्नो (ब्यापारी/फर्म संस्थाले) खाता खोल्ने
2. NNSW मार्फत पशु सेवा विभागमा सिफारिसका लागि आवश्यक कागजात सहित अनुरोध गर्ने
3. पशु सेवा बिभागले आवश्यक अध्ययन र आवश्यकताका आधारमा अनुमति पत्र प्रदान गर्छ
4. पशु सेवा बिभागबाट अनुमति पत्र प्राप्त पश्चात पशु ल्याउने सम्भावित मिति सम्बन्धि पशु क्वारेन्टाइन कार्यालयलाई खबर गर्ने
5. **अन्तरराष्ट्रिय पशु स्वस्थताको प्रमाणपत्र,** Commercial invoice (बिल) र आवश्यक कागजात सहित पशु सीमामा आए पछि NNSW बाट **Inspection को लागि अनरोध गर्ने**
6. पशु क्वारेटाइन चेकपोष्ट बाट पैठारी बस्तुको चेकजाँच गरी आवश्यक परेमा **क्वारेन्टाइनमा राख्ने र क्वारेन्टाइन प्रमाणपत्र प्रदान गर्ने**
7. पशु क्वारेटाइन चेकपोष्ट बाट क्वारेन्टाइन प्रमाणपत्र लिए पश्चात तोकिएबमोजिम भन्सार महसुल भन्सार कार्यालयमा बुझाई भन्सार पास लिने
8. आवश्यकता अनुसार Post-Quarantine अनुगमन मुल्यांकन

१. अनुमति लिन आवश्यक कागजात सूची:

- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस
- उधोग/ कम्पनी दर्ता प्रमाणपत्र
- प्यान/भ्याट दर्ता प्रमाणपत्र
- कर चुक्ता प्रमाणपत्र
- इनभ्वाइस पत्र
- नवीकरण गरेको प्रमाणपत्र
- गुणस्तर खुलेको प्रमाणपत्र
- विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु

२. क्वारेन्टाइन चेकपोस्टमा आवश्यक कागजात :

- अन्तर्राष्ट्रिय पशु स्वस्थ्यताको सक्कल प्रमाणपत्र
- आधिकारिक बिल
- गुणस्तर खुलेको प्रमाणपत्र (Laboratory Certificate)
- बिभागबाट जारी अनुमति पत्र
- चेकपोस्ट बाट मागेका कानुन बमोजिमका अन्य कागजातहरु

Quarantine Process for import of Animal, Animal Products and Animal Production Materials:

Account Registration in Nepal National Single Window (NNSW) by Importer

Request to Department of livestock service (DLS) for Recommendation Letter Through NNSW by attached required documents

DLS provide Recommendation letter based on Requirements and research

Importer should provide notice to animal quarantine office regarding importing date and border after recommendation

After animal arrives at Border request Animal Quarantine checkpost for inspection through NNSW with original authorized animal health certificate (International animal health certificate/Quarantine Certificate) And commercial invoice and other required documents.

Animal Quarantine check post inspect animal and provide clearance (Quarantine certificate) if Animal is healthy otherwise keeps in Quarantine for specified period of time.

After receiving Quarantine certificate from animal quarantine checkpost, pay customs duty and takes customs clearance.

Post- Quarantine Evaluation and Monitoring based on need.

Required Documents for Recommendation letter:

- Recommendation letter from Veterinary hospital and livestock service export center
- Company/Industry Registration Certificate
- VAT/PAN Registration Certificate
- Tax Clearance letter
- Invoice Letter
- Company/Industry Renew certificate
- Quality Assuring Certificate (Lab Certificate)
- Product literature
- Others documents required by DLS as per law

Required Documents at Animal Quarantine Checkpost:

- Original International animal health certificate/Quarantine Certificate
- Authorized commercial Bill
- Laboratory certificate mentioning quality of the product
- Recommendation letter from DLS
- Other documents as per AQCP

ख. पशु दाना/फिड सप्लिमेन्ट/फिड प्रिमिक्स/टि एम आर/साइलेज/हे/हेलेज/ मिनरल ब्लक/दाना बनाउने कच्चा पदार्थ निकासी पैठारीको लागि आवश्यक कागजातः

- फर्म (व्यवसाय) कम्पनी वा उधोग दर्ता भएको प्रमाणपत्र (Firm/Company/industry Registration certificate)
- स्थायी लेखा नम्बर वा भ्याट दर्ता प्रमाणपत्र (PAN/VAT Certificate)
- कर चुक्ता गरेको प्रमाणपत्र (Tax clearance letter)
- निकासी/पैठारी गरीने बस्तुको नाम, बनावट, इन्डिकेसन, मात्रा उल्लेख भएको सक्कल वा उत्पादक कम्पनीबाट व्याखा गरी प्रिन्ट एवम् प्रमाणित गरीएको आलेख (browser with name of product, indication, composition, amount etc. verified by producing company)
- निकासी/पैठारी गरीने बस्तुको सम्बन्धित उत्पादक देशको आधिकारिक प्रयोगशालाबाट विस्लेषण गरेको नतिजा (label claim मिलेको हुनुपर्ने) (Laboratory report from certified lab)
- पशु दानाको हकमा त्यसको पोषक तत्वको विश्लेषण र एन्टिबायोटिक अवशेष नभएको रिपोर्ट (For Animal Feed Nutritional composition and no any antibiotics residue)
- इन्भवाइस पत्र (Invoice letter)
- विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु |(any other legal documents required by department of livestock service)

ग. जैविक पदार्थ निकासी/पैठारीको सिफारिसको लागि आवश्यक कागजातः

१. नविकरण समेत खुलेको उधोग/कम्पनी दर्ता प्रमाण-पत्र

२. औषधी व्यवस्था विभागमा दर्ता प्रमाण-पत्र

३. प्यान वा भ्याट दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र

४. इनभ्वाइस पत्र

५. कुखुराको खोपको हकमा वर्डफ्लू मुक्त प्रमाणपत्र, एस.पी.एफ. अण्डाबाट बनेको प्रमाणपत्र

६. पहिला पैठारी गरिएको भएमा सोको प्रमाण

७. गुणस्तर परिक्षण प्रतिवेदन

नँया देश, कम्पनी र Strain भए थप आवश्यक कागजातहरुः

१. पैठारी गर्न लागिएको जैविक पदार्थ सम्बन्धी ब्रोसर (Registration Dossier)

२. कम्पनीको आधिकारिक पत्र

३. कम्पनीबाट गुणस्तर परीक्षण गरीएको प्रमाणपत्र

४. मान्यता प्राप्त प्रयोगशालाबाट खोप उत्पादन गर्न स्वीकृति दिएको प्रमाणपत्र

५. आवश्यकता अनुसार टेस्ट किट (पोजेटिभ/नेगेटिभ एन्टीजेन, एन्टीसिरम, रिएजेन्ट, रसायनहरू आदि) उपलब्ध गराउनु पर्ने

६. मास्टर सिडको हकमा उत्पतिको प्रमाणपत्र (Certificate of Origin)

७. विभागले माग गरे अनुसार कानुन बमोजिम अन्य कागजातहरु

घ. र्यापिड टेस्ट किटको (Rapid Test Kit) हकमा आवश्यक कागजातहरु :

१. पैठारी गर्न लागिएको र्यापिड टेस्ट किट सम्बन्धी ब्रोसर

२. उप समितिले तोके अनुसारको Sensitivity र Specificity सम्बन्धी कागजात

३. कम्पनीबाट गुणस्तर परीक्षण गरिएको प्रमाण (Performance Validation Report)

४. विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु

५. सिफारिस समितिबाट थप परिक्षणका लागि माग गरीएका विवरण /Reagent kits

८. पशु सेवा विभागबाट सिफारिस प्रदान गर्न सकिने बस्तुहरुः

क. निकासी/पैठारीको लागि पशु सेवा विभागबाट सिफारिस दिन सकिने बस्तुहरु :

१. जीवित घरपालुवा पशुहरु

२. नश्ल सुधारका लागि आवश्यक पर्ने जीवित पशु,

३. उन्नत नश्लका पशुको विर्य, भ्रूण,

४. अण्डा, चल्ला,

५. उन, छाला हाडको धुलो, सिङ्ग, खुर इत्यादी

६. दुध, धुलो दुध, दहि, बटर, क्रिम, पनिर, र अन्य दुग्धजन्य पदार्थहरु

७. प्रशोधित वा अप्रशोधित मासु तथा माछा

८. पशुमा प्रयोग हुने जैविक पदार्थहरु

९. पशु उत्पादन प्रक्रियामा लाग्ने सामाग्रीहरु

१०. माछाको प्रजननमा प्रयोग गरिने हर्मोनहरु

११. माछाको नर्सिङ व्यवस्थापनका लागि लाइभ फिड (live Feed), Zooplankton तथा phytoplankton, एक लिङ्गीय टिलापिया भुरा उत्पादनका लागि आहारामा प्रयोग गरिने हर्मोन

ख. पैठारीको लागि पशु सेवा विभागबाट सिफारिस दिन सकिने फिड सप्लिमेन्ट तथा अन्य वस्तुहरु :

तपशिल बमोजिमका पशुपन्छिका तयारी दाना, दानाका कच्चा पदार्थ, फिड प्रिमिक्स, फिड सप्लिमेन्ट एबं फिड सप्लिमेन्टका कच्चा पदार्थहरु बाह्य मुलुकबाट पैठारी गर्नका लागि सिफारिस लिन सकिन्छ

१. पशुपन्छीको तयारी दाना

२. पशुपन्छीको दानाका निम्नानुसारका कच्चा पदार्थहरु

दानाका कच्चा पदार्थहरुः

क. स.	कच्चा पदार्थको नाम	क. स.	कच्चा पदार्थको नाम	क. स.	कच्चा पदार्थको नाम
१	मकै	१४	तिलको पिना	२७	मासुको धुलो
२	गहुँ	१५	वदामको पिना	२८	ब्लड मिल
३	गहुँको चोकर	१६	आलसको पिना	२९	चुन ढुङ्गाको धुलो
४	जौ	१७	राइस पोलिस र डिआयल्ड राइस पोलिस	३०	खुदो
५	मेज ग्लुटेन	१८	डिआयल्ड सिल्कवर्म प्युपा	३१	कुखुराको सुली
६	तोरीको पिना	१९	भटमास	३२	जनावरको बोसो

७	धानको ढुटो	२०	सुर्यमुखीको गेडा	३३	सिपिको टुक्रा
८	जुनेलो	२१	ढुटोको पिना	३४	चून
९	जै	२२	सुर्यमुखीको पिना	३५	नून
१०	कागुन	२३	सालसिडको पिना	३६	ब्रुअरि सह-उत्पादन
११	वनस्पति तेल र भटमासको तेल	२४	कपासको गेडाको पिना	३७	डिस्टिलरी ड्राइड ग्रेनस्
१२	चुन्नी	२५	सिद्रा/प्राउन	३८	क्यानोला मिल
१३	भटमासको पीना	२६	हाडको धुलो		

(स्रोतः पशुजन्य उधोग स्थापना, निकासी पैठारी सिफारिस र विक्रिवितरण अनुमति सम्बन्धी निर्देशिका, २०८०)

९. पशु क्वारेन्टाइन कार्यालयहरुको सम्पर्क विवरण :

नेपालमा रहेका क्वारेन्टाइन कार्यालयहरुको सम्पर्क तल तालिका प्रस्तुत गरिएको छ ।

क्र. सं.	कार्यालयको नाम	कार्यक्षेत्र	अन्तर्गतका चेक पोष्टहरू	सम्पर्क नं.	कैफियत
१.	पशु क्वारेन्टाइन महाशाखा, ललितपुर	देश भरी	क्वारेन्टाइन कार्यालय तथा चेक पोष्टहरू	०१-५४५४९०६	
२.	पशु क्वा. कार्यालय, बुढानिलकण्ठ, काठमाडौं	सिन्धुपाल्चोक, रसुवा, काठमाडौं, चितवन	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, तातोपानी सिन्धुपाल्चोक, टिमुरे रसुवा, नागढुङ्गा, रामनगर (आ.)	०१-४३७७१५३, ०१-४६५०२६७	टिमुरे, नागढुङ्गा (अस्थायी क्वा.)
३.	पशु क्वा. कार्यालय, कांकडभिट्टा, झापा	झापा, इलाम	कांकडभिट्टा, गौरीगञ्ज, भद्रपुर र पशुपतिनगर इलाम,	०२३-५६६१४८ ९८५२६६२२५५	
४.	पशु क्वा. कार्यालय, विराटनगर, मोरङ्ग	मोरङ्ग, सुनसरी, सिराहा	रानी, भण्टाबारी, माडर	०२१-४३७५०१ ९८५२०७०१८४	
५.	पशु क्वा. कार्यालय, जनकपुर, धनुषा	महोत्तरी, धनुषा, सर्लाही	भिट्टामोड, जटही, मलंगवा	०४१-४२०७२६	
६.	पशु क्वारेन्टाइन कार्यालय, विरगञ्ज, पर्सा	रौतहट, बारा, पर्सा	औरैया, सिरसिया, मटिअर्वा, पथलैया (आ.)	९८५५०४५७२९	
७.	पशु क्वा. कार्यालय, भैरहवा, रूपन्देही	नवलपरासी, रूपन्देही, कपिलवस्तु	महेशपुर, बेलहिया, कृष्णनगर, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	९८५७०१७८५२ ९८५७०१७४५२	
८.	पशु क्वा. कार्यालय, नेपालगञ्ज, बाँके	दाङ, बाँके र बर्दिया	जमुनाहा, गुलरिया, भालुवाङ्ग	०८१-५३६९५४	भालुवाङ्ग चेक पोष्ट (अस्थायी आन्तरिक)।
९.	पशु क्वा. कार्यालय, गड्डाचौकी, कञ्चनपुर	कञ्चनपुर, कैलाली, दार्चुला	गड्डाचौकी, बेलौरी, मोहना (धनगढी), दार्चुला	०९९-४०२१३३, ९८५८०७७१३३, ९८५८०७७१३२	
१०.	पशु क्वा. कार्यालय, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल	कास्की, मुस्तांङ	कोराला नाका, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल	०६१-५४४९०३	

१०. जैविक सुरक्षा (Biosecurity):

परिचय

जैविक सुरक्षा (Biosecurity) भन्नाले पशु, मानव तथा वातावरणलाई रोगजनक सूक्ष्मजीव (Pathogens) को प्रवेश (Introduction), स्थापना (Establishment) तथा फैलावट (Spread) बाट जोगाउन अपनाइने वैज्ञानिक, व्यवस्थापकीय तथा व्यवहारिक उपायहरूको समष्टिलाई जनाउँछ। यसको मुख्य उद्देश्य कुनै पनि फार्म, क्षेत्र वा देशमा संक्रामक रोग प्रवेश हुन नदिनु तथा प्रवेश गरिसकेपछि त्यसको फैलावटलाई नियन्त्रण गर्नु हो।

रोगको आपत्कालीन अवस्थामा संक्रमणको फैलावट रोक्न जैविक सुरक्षा उपायहरू अत्यावश्यक हुन्छन्। यसका लागि उचित योजना, पर्याप्त लगानी, पशु, उपकरण र कर्मचारीको आवागमनको प्रभावकारी व्यवस्थापन तथा कर्मचारीहरूको तालिम, सुपरिवेक्षण र जिम्मेवारी सुनिश्चित गर्न आवश्यक हुन्छ।

विश्वव्यापी रूपमा पशुपन्छीको उत्पादन, अन्तर्राष्ट्रिय व्यापार, पशुको आवागमन, वन्यजन्तुसँगको सम्पर्क तथा जलवायु परिवर्तनका कारण संक्रामक तथा सीमापार सर्ने पशुरोग (Transboundary Animal Diseases; TADs) को जोखिम बढ्दै गएको छ। यस्तो अवस्थामा जैविक सुरक्षा पशुरोग नियन्त्रणको पहिलो, प्रभावकारी र सबैभन्दा कम खर्चिलो उपायका रूपमा स्थापित भएको छ। विश्व पशु स्वास्थ्य संगठन (WOAH) ले पनि जैविक सुरक्षालाई पशु स्वास्थ्य संरक्षण तथा सुरक्षित अन्तर्राष्ट्रिय व्यापारको आधारभूत रणनीतिका रूपमा स्वीकार गरेको छ।

जैविक सुरक्षाको उद्देश्य

जैविक सुरक्षाको प्रमुख उद्देश्य रोगको उपचारभन्दा रोकथाम (Prevention) मा जोड दिनु हो। प्रभावकारी जैविक सुरक्षा अपनाउँदा रोगको प्रवेश रोक्न, संक्रमणको फैलावट नियन्त्रण गर्न, पशु स्वास्थ्य तथा कल्याण संरक्षण गर्न, उत्पादनमा हुने आर्थिक क्षति कम गर्न तथा सुरक्षित खाद्य उत्पादन सुनिश्चित गर्न सकिन्छ। यसका अतिरिक्त जैविक सुरक्षा अभ्यासले एन्टिबायोटिकको आवश्यकता घटाउने भएकाले एन्टिमाइक्रोबियल प्रतिरोध (AMR) न्यूनीकरणमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

जैविक सुरक्षाका आधारभूत सिद्धान्त

१. रोगको प्रवेश रोक्ने (Bio-exclusion)

रोगजनकलाई फार्म, पशुपालन क्षेत्र वा देशभित्र प्रवेश गर्न नदिन अपनाइने सम्पूर्ण उपायहरू यसअन्तर्गत पर्दछन्। स्वस्थ तथा प्रमाणित स्रोतबाट मात्र पशु खरिद गर्ने, नयाँ पशुलाई निश्चित अवधिसम्म क्वारेन्टाइनमा राख्ने, आगन्तुक, सवारीसाधन तथा उपकरणको नियन्त्रण गर्ने र दाना तथा पानीको स्वच्छता कायम गर्ने उपायहरूले रोगको प्रवेशको जोखिम उल्लेखनीय रूपमा घटाउँछन्।

२. रोगको फैलावट रोक्ने (Bio-containment)

यदि कुनै फार्म वा क्षेत्रमा रोग देखापरेको छ भने त्यसलाई अन्य पशु, फार्म वा क्षेत्रमा फैलिन नदिन गरिने व्यवस्थापनलाई Bio-containment भनिन्छ। संक्रमित पशुलाई अलग्गै राख्ने, आवतजावत सीमित गर्ने, संक्रमित सामग्रीको सुरक्षित व्यवस्थापन गर्ने तथा नियमित निसंक्रमण गर्ने कार्यहरू यसका प्रमुख उपायहरू हुन्।

प्रभावकारी जैविक सुरक्षाका लागि निम्न पक्षहरूमा विशेष ध्यान दिनुपर्छ।

- स्वस्थ तथा प्रमाणित स्रोतबाट मात्र पशु खरिद गर्ने।
- नयाँ पशुलाई क्वारेन्टाइन अवधि पूरा भएपछि मात्र समूहमा मिसाउने।
- फार्ममा आगन्तुक, सवारीसाधन तथा उपकरणको प्रवेश नियन्त्रण गर्ने।
- प्रवेशद्वारमा फुटबाथ तथा सवारीसाधन निसंक्रमणको व्यवस्था गर्ने।
- फर्ममा प्रयोग गरिने उपकरण तथा पानीका स्रोत नियमित रूपमा सफा र निसंक्रमण गर्ने।
- सुरक्षित दाना तथा स्वच्छ पिउने पानीको व्यवस्था गर्ने।
- बिरामी पशुलाई तुरुन्त अलग्गै राखी उपचार गर्ने।

- ❖ मृत पशुपन्छीको वैज्ञानिक विधिबाट व्यवस्थापन गर्ने (गहिरो खाडल खनी पुर्ने, जथाभावी वातावरणमा नफाल्ने)।
- ❖ मुसा, चराचुरुङ्गी, झिँगा तथा अन्य रोगवाहक जीवहरूको नियन्त्रण गर्ने।
- ❖ नियमित खोप, रोग निगरानी तथा अभिलेख व्यवस्थापन गर्ने।
- ❖ रोगको शंका लागेमा सम्बन्धित पशु सेवाका निकायलाई तत्काल जानकारी गराउने।

पशु क्वारेन्टाइनमा जैविक सुरक्षाको महत्व

पशु क्वारेन्टाइन जैविक सुरक्षाको सबैभन्दा महत्त्वपूर्ण बाह्य सुरक्षा तह (First Line of Defence) हो। आयात तथा निर्यात हुने पशु, पशुजन्य पदार्थ तथा जैविक सामग्रीको निरीक्षण, स्वास्थ्य परीक्षण, नमुना सङ्कलन, क्वारेन्टाइन तथा आधिकारिक प्रमाणीकरणमार्फत संक्रामक रोगहरूको सीमा पार फैलावट रोक्न सकिन्छ।

नेपालजस्तो खुला सीमा भएको मुलुकमा जैविक सुरक्षा र पशु क्वारेन्टाइनको प्रभावकारी कार्यान्वयनले खोरेत (FMD), पिपिआर (PPR), लम्पी स्किन डिजिज (LSD), अफ्रिकन स्वाइन फिभर (ASF), एभियन इन्फ्लुएन्जा (HPAI & LPAI) लगायतका सीमाबिहिन रोगहरूको जोखिम न्यूनीकरण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

जैविक सुरक्षा र One Health अवधारणा

जैविक सुरक्षाले पशु स्वास्थ्य मात्र होइन, मानव स्वास्थ्य, वातावरणीय स्वास्थ्य तथा खाद्य सुरक्षामा पनि प्रत्यक्ष प्रभाव पार्छ। पशुमा रोग नियन्त्रण प्रभावकारी हुँदा जुनोटिक रोगको जोखिम घट्छ, एन्टिमाइक्रोबियल औषधिको प्रयोग कम हुन्छ र वातावरणमा रोगजनकको फैलावट पनि न्यून हुन्छ। त्यसैले One Health अवधारणाअनुसार मानव, पशु र वातावरणीय स्वास्थ्यबीचको समन्यात्मक प्रयास जैविक सुरक्षाको सफल कार्यान्वयनका लागि अपरिहार्य मानिन्छ।

नेपालको सन्दर्भमा जैविक सुरक्षाको आवश्यकता

नेपालमा खुला अन्तर्राष्ट्रिय सीमा, पशु तथा पशुजन्य वस्तुको बढ्दो आयात—निर्यात, परम्परागत पशुपालन प्रणाली, वन्यजन्तुसँगको सम्पर्क तथा सीमित जैविक सुरक्षा अभ्यासका कारण सीमापार सर्ने रोगहरूको जोखिम उच्च रहेको छ। यस्तो अवस्थामा सीमा क्वारेन्टाइन सुदृढीकरण, पशु आवागमनको प्रभावकारी नियमन, नियमित रोग निगरानी, किसान तथा सरोकारवालामा जनचेतना अभिवृद्धि र जैविक सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन अत्यन्त आवश्यक छ।

निष्कर्ष

जैविक सुरक्षा पशु स्वास्थ्य व्यवस्थापनको आधारभूत स्तम्भ र संक्रामक रोग नियन्त्रणको पहिलो सुरक्षा कवच हो। यसले रोगको प्रवेश रोक्ने, संक्रमणको फैलावट नियन्त्रण गर्ने तथा पशु, मानव र वातावरणीय स्वास्थ्यको संरक्षण गर्ने कार्य गर्दछ। प्रभावकारी जैविक सुरक्षा अभ्यासले उत्पादन वृद्धि, आर्थिक क्षति न्यूनीकरण, सुरक्षित खाद्य उत्पादन, अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन तथा एन्टिमाइक्रोबियल प्रतिरोध नियन्त्रणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। त्यसैले जैविक सुरक्षालाई केवल फार्म व्यवस्थापनको उपायका रूपमा नभई राष्ट्रिय पशु स्वास्थ्य सुरक्षा, सार्वजनिक स्वास्थ्य संरक्षण तथा दिगो पशुपालन विकासको आधारभूत रणनीतिका रूपमा अवलम्बन गर्नु आवश्यक छ। जैविक सुरक्षा (Biosecurity) पशु, मानव र वातावरणको स्वास्थ्य संरक्षण गर्ने सबैभन्दा प्रभावकारी र कम खर्चिलो रोकथाममुखी उपाय हो। यसको मुख्य उद्देश्य रोगजनक सूक्ष्मजीवलाई कुनै फार्म, क्षेत्र वा देशमा प्रवेश हुन नदिनु तथा प्रवेश गरिसकेपछि त्यसको फैलावटलाई प्रभावकारी रूपमा नियन्त्रण गर्नु हो। प्रभावकारी जैविक सुरक्षा अपनाउँदा पशु स्वास्थ्य र कल्याणमा सुधार आउँछ, उत्पादन तथा उत्पादकत्व बढ्छ, आर्थिक क्षति घट्छ, खाद्य सुरक्षा सुदृढ हुन्छ र सुरक्षित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारलाई समेत प्रोत्साहन मिल्छ।

जैविक सुरक्षा सफल बनाउन केवल भौतिक पूर्वाधार मात्र पर्याप्त हुँदैन। यसको प्रभावकारी कार्यान्वयनका लागि वैज्ञानिक योजना, जोखिमको मूल्याङ्कन, नियमित रोग निगरानी, सरसफाइ तथा निसंक्रमण, पशु र मानिसको आवागमन व्यवस्थापन, कर्मचारीहरूको तालिम, जिम्मेवारी तथा सबै सरोकारवालाबीचको समन्वय समान रूपमा आवश्यक हुन्छ। नेपालजस्तो खुला सीमा भएको देशमा पशु क्वारेन्टाइन, जैविक सुरक्षा र रोग निगरानी प्रणालीलाई सुदृढ बनाउनु अत्यन्त आवश्यक छ। किसान, पशु स्वास्थ्यकर्मी, निजी क्षेत्र तथा सरकारी निकाय सबैले आ—आफ्नो जिम्मेवारी

प्रभावकारी रूपमा निर्वाह गरेमा संक्रामक तथा सीमापार सर्ने पशुरोगहरूको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ। यसरी जैविक सुरक्षा केवल रोग नियन्त्रणको उपाय मात्र नभई दिगो पशुपालन, सुरक्षित खाद्य उत्पादन, जनस्वास्थ्य संरक्षण तथा राष्ट्रिय पशु स्वास्थ्य सुरक्षाको आधारभूत स्तम्भ हो।

११. जुनोटिक रोग सम्बन्धी सामान्य जानकारीः

परिचय

जुनोटिक (Zoonotic) रोग भन्नाले प्राकृतिक रूपमा जनावरबाट मानिसमा वा मानिसबाट जनावरमा सर्न सक्ने संक्रामक रोगहरू लाई जनाउँछ। यी रोगहरू ब्याक्टेरिया, भाइरस, परजीवी, फङ्गस वा अन्य रोगजनक सूक्ष्मजीवबाट उत्पन्न हुन्छन्। जुनोटिक रोगहरू प्रत्यक्ष सम्पर्क, दूषित खाद्य पदार्थ, पानी, वातावरण वा विभिन्न वाहक (Vectors) जस्तै लामखुट्टे, किर्ना तथा झिङ्गामार्फत सर्न सक्छन्।

विश्वव्यापी रूपमा जुनोटिक रोगहरू मानव स्वास्थ्य, पशु स्वास्थ्य, खाद्य सुरक्षा तथा अन्तर्राष्ट्रिय व्यापारसँग प्रत्यक्ष सम्बन्धित महत्त्वपूर्ण स्वास्थ्य चुनौतीका रूपमा रहेका छन्। रेबिज, एभियन इन्फ्लुएन्जा, ब्रुसेलोसिस, एन्थ्राक्स, लेप्टोस्पाइरोसिस, क्षयरोग (Bovine Tuberculosis) र सिस्टिसर्कोसिस जस्ता रोगहरू नेपालमा पनि जनस्वास्थ्य तथा पशु स्वास्थ्यका दृष्टिले महत्त्वपूर्ण जुनोटिक रोगहरू हुन्।
जुनोटिक रोग भन्नाले पशुपन्छीबाट मानिसमा र मानिसबाट पशुपन्छीमा सर्ने रोगहरु भन्ने बुझिन्छ । यी रोगहरु पशुबाट मानिसमा विभिन्न माध्यमबाट सर्ने गर्छ । जस्तैः बिरामी पशुपन्छीको प्रत्यक्ष सम्पर्कमा आएमा रोगी पशुको दिसा पिसाब वा र्‍यालसँग सम्पर्कमा आएमा, संक्रमित मासु तथा दुधबाट, श्वासप्रश्वासबाट, रोगी पशुको टोकाइ आदि बाट सर्ने गर्छ । उदाहरणः Anthrax, Tuberculosis, Brucellosis, Birdflu, Rabies, etc. जुनोटिक रोगका प्रकारहरुः

१. **Anthropozoonosis**
   a. पशुपन्छीबाट मानिसमा सर्ने रोग भन्ने बुझिन्छ । उदाहरण: Rabies, Brucellosis, Leptospirosis etc
२. **Zooanthroponosis**
   a. मानिसबाट पशुपन्छीमा सर्ने रोग भन्ने बुझिन्छ । उदाहरण: Tuberculosis, Amoebiosis, etc
३. **Amphixenosis**
   a. मानिस र पशुपन्छी बिच एक अर्कालाई सर्ने रोग भन्ने बुझिन्छ । उदाहरणः Salmonellosis, Streptococcus infection, etc.

जुनोटिक रोग सम्बन्धी केहि तथ्यहरू

- ✓ विश्वमा पहिचान भएका मानव संक्रामक रोगहरूमध्ये करिब ६०% रोग जुनोटिक प्रकृतिका छन्।
- ✓ नयाँ तथा पुनः देखा पर्ने (Emerging and Re-emerging) संक्रामक रोगहरूमध्ये करिब ७५% रोगहरूको स्रोत जनावर हुने गरेको छ।
- ✓ स्वस्थ पशु, सुरक्षित खाद्य उत्पादन तथा स्वच्छ वातावरणले जुनोटिक रोगको जोखिम उल्लेखनीय रूपमा घटाउन मद्दत गर्छ।
- ✓ पशु स्वास्थ्य, मानव स्वास्थ्य र वातावरणीय स्वास्थ्य एकअर्कासँग घनिष्ठ रूपमा सम्बन्धित भएकाले जुनोटिक रोग नियन्त्रणका लागि One Health अवधारणाको अवलम्बन आवश्यक हुन्छ।
- ✓ रोगको समयमै पहिचान, नियमित निगरानी, खोप, जैविक सुरक्षा (Biosecurity), व्यक्तिगत सरसफाइ तथा सुरक्षित खाद्य अभ्यास जुनोटिक रोग नियन्त्रणका प्रभावकारी उपायहरू हुन्।
- ✓ पशु तथा पशुजन्य उत्पादनको सुरक्षित ढुवानी, क्वारेन्टाइन र स्वास्थ्य परीक्षणले रोगको सीमा पार फैलावट रोक्न महत्त्वपूर्ण भूमिका खेल्छ।
- ✓ एन्टिमाइक्रोबियल औषधिको विवेकपूर्ण प्रयोगले जुनोटिक रोगजनकमा हुने एन्टिमाइक्रोबियल प्रतिरोध (AMR) नियन्त्रण गर्न सहयोग पुर्‍याउँछ।

- ✓ जनचेतना अभिवृद्धि, अन्तरनिकाय समन्वय तथा प्रभावकारी रोग निगरानी प्रणाली जुनोटिक रोग नियन्त्रणका आधारभूत पक्षहरू हुन्।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट प्राथमिकता प्राप्त १० जुनोटिक रोगहरुः (२०७८ जेठ)

१. रेबिज (Rabies)
२. इन्फ्लुएन्जा (Zoonotic Influenza, Seasonal Influenza)
३. कोरोना भाइरस (SARS, MERS, SARS COV 2)
४. लेप्टोस्पाइरोसिस (Leptospirosis)
५. ब्रुसेलोसिस (Brucellosis)
६. साल्मोनेलोसिस (Salmonellosis)
७. कालाजार (Leishmaniasis)
८. जुनोटिक क्षयरोग (Zoonotic Tuberculosis)
९. टोक्सोप्लाज्मोसिस (Toxoplasmosis)
१०. सिस्टिसर्कोसिस / हाइडाटिडोसिस (Cysticercosis/Hydratidosis)

जुनोटिक रोग नियन्त्रण गर्न नेपालले एक स्वास्थ्य रणनीति वि.स. २०७६/०९/१४ मा स्वीकृत गरेको छ ।

१२. जोखिम विश्लेषण (Risk Analysis)

परिचय

जोखिम विश्लेषण (Risk Analysis) भन्नाले पशु, पशुजन्य उत्पादन वा अन्य जैविक सामग्रीको आयात—निर्यातका क्रममा कुनै संक्रामक रोग देशभित्र प्रवेश गर्ने, फैलिने तथा त्यसबाट पर्ने प्रभावको वैज्ञानिक मूल्याङ्कन गरी उपयुक्त नियन्त्रणका उपाय निर्धारण गर्ने व्यवस्थित प्रक्रिया हो। यो प्रक्रिया विश्व पशु स्वास्थ्य संगठन (WOAH) तथा विश्व व्यापार संगठनको Sanitary and Phytosanitary (SPS) Agreement ले स्वीकार गरेको अन्तर्राष्ट्रिय मापदण्ड हो। यसको उद्देश्य सुरक्षित पशु व्यापारलाई सहजीकरण गर्नुका साथै राष्ट्रिय पशु स्वास्थ्य, जनस्वास्थ्य र खाद्य सुरक्षाको संरक्षण गर्नु हो।

जोखिम विश्लेषणका चरणहरु (Steps of Risk Analysis):

१. जोखिमको पहिचान (Hazard Identification)
   यस चरणमा आयात गरिने पशु वा पशुजन्य वस्तुसँग सम्बन्धित रोगजनकहरूको पहिचान गरिन्छ। निर्यात गर्ने देशमा विद्यमान रोग, रोगजनकको प्रकृति तथा आयातित वस्तुमार्फत संक्रमण सर्न सक्ने सम्भावनाको अध्ययन गरिन्छ।
२. जोखिम मूल्याङ्कन (Risk Assessment)
   पहिचान गरिएको रोग देशभित्र प्रवेश गर्ने, संवेदनशील पशुमा फैलिने तथा त्यसबाट पशु स्वास्थ्य, जनस्वास्थ्य, अर्थतन्त्र र व्यापारमा पर्ने सम्भावित प्रभावको वैज्ञानिक मूल्याङ्कन गरिन्छ। यही विश्लेषणका आधारमा जोखिमको स्तर निर्धारण गरिन्छ।
३. जोखिम व्यवस्थापन (Risk Management)

जोखिमलाई स्वीकार्य स्तरमा सीमित गर्न आवश्यक नियन्त्रणका उपायहरू तय गरिन्छ। यसमा आयात अनुमति, स्वास्थ्य प्रमाणपत्र, क्वारेन्टाइन, प्रयोगशाला परीक्षण, जैविक सुरक्षा, खोप वा आवश्यक अवस्थामा आयातमा प्रतिबन्ध जस्ता उपायहरू समावेश हुन्छन्।

४. जोखिम सञ्चार (Risk Communication)

जोखिमसम्बन्धी जानकारी, निर्णय तथा नियन्त्रणका उपायहरू सम्बन्धित सरकारी निकाय, पशु स्वास्थ्यकर्मी, आयातकर्ता, निर्यातकर्ता तथा अन्य सरोकारवालाबीच स्पष्ट, पारदर्शी र समयमै आदान–प्रदान गरिन्छ। प्रभावकारी सञ्चारले निर्णयप्रति विश्वास बढाउनुका साथै जोखिम व्यवस्थापनलाई सफल बनाउँछ।

चरण	उद्देश्य	मुख्य गतिविधि	उदाहरणहरु
जोखिमको पहिचान (Hazard Identification)	सम्भावित रोगजनकको पहिचान	रोगको स्रोत, संवेदनशील पशु तथा जोखिमयुक्त वस्तुको पहिचान	ASF प्रभावित देशबाट सुँगुर आयात गर्दा अफ्रिकन स्वाइन फिभर (ASF) भाइरसलाई प्रमुख जोखिमका रूपमा पहिचान गर्नु।
जोखिम मूल्याङ्कन (Risk Assessment)	रोग प्रवेश, फैलावट तथा प्रभावको मूल्याङ्कन	रोग प्रवेश गर्ने सम्भावना, फैलावट तथा आर्थिक, पशु स्वास्थ्य र जनस्वास्थ्यमा पर्ने प्रभावको विश्लेषण	आयातित कुखुराबाट HPAI नेपालमा प्रवेश गर्न सक्ने सम्भावना तथा कुखुरा उद्योगमा पर्ने आर्थिक प्रभावको मूल्याङ्कन गर्नु।
जोखिम व्यवस्थापन (Risk Management)	जोखिमलाई स्वीकार्य स्तरमा न्यूनीकरण गर्नु	क्वारेन्टाइन, स्वास्थ्य प्रमाणपत्र, प्रयोगशाला परीक्षण, जैविक सुरक्षा, आयात सर्त निर्धारण	पि. पि. आर. मा २१ दिनको क्वारेन्टाइन अवधि अवलम्वन, आधिकारिक स्वास्थ्य प्रमाणपत्र, PCR परीक्षण तथा आवश्यक खोप लगाएको प्रमाण अनिवार्य गर्नु।
जोखिम सञ्चार (Risk Communication)	जोखिमसम्बन्धी सूचना आदान–प्रदान र निर्णयको पारदर्शिता	सम्बन्धित निकाय, आयातकर्ता, निर्यातकर्ता तथा पशुपालकलाई जोखिम र नियन्त्रणका उपायबारे जानकारी गराउनु	रोगको प्रकोपबारे सूचना जारी गर्नु, आयातकर्तालाई नयाँ सर्त जानकारी गराउनु तथा सम्बन्धित निकायहरूबीच समन्वय गर्नु।

पशु क्वारेन्टाइनमा जोखिम विश्लेषणको महत्वः

जोखिम विश्लेषण आधुनिक पशु क्वारेन्टाइन प्रणालीको आधारभूत वैज्ञानिक उपकरण हो। यसले रोगको जोखिमको वैज्ञानिक मूल्याङ्कन गरी सुरक्षित आयात–निर्यातलाई सहजीकरण गर्छ, सीमापार सर्ने रोगहरूको प्रवेश रोक्न सहयोग पुऱ्याउँछ तथा अनावश्यक व्यापारिक अवरोध सिर्जना नगरी राष्ट्रिय पशु स्वास्थ्य सुरक्षालाई सुदृढ बनाउँछ।

निष्कर्ष

विश्वव्यापी पशु व्यापारको विस्तारसँगै जोखिम विश्लेषणको आवश्यकता झन् बढ्दै गएको छ। वैज्ञानिक प्रमाणमा आधारित जोखिम विश्लेषणले रोगको सम्भावित जोखिमलाई समयमै पहिचान गरी उपयुक्त नियन्त्रणका उपायहरू लागू गर्न सहयोग पुऱ्याउँछ। त्यसैले प्रभावकारी पशु क्वारेन्टाइन, जैविक सुरक्षा तथा सुरक्षित अन्तर्राष्ट्रिय व्यापारका लागि जोखिम विश्लेषण अपरिहार्य व्यवस्थापन उपकरणका रूपमा स्थापित भएको छ।

पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीमा आयात निर्यातको अवस्थाः

नेपालमा जीवित पशुहरु, दुध, दुध जन्य पदार्थ, मासु जस्ता पशु र पशुजन्य पदार्थको आयात बिगत केहि आर्थिक वर्ष बाट करिव शुन्यको अवस्थामा छ र नेपाल हाल कुखुराको मासु, धुलो दुध, अण्डा जस्ता पशुजन्य पदार्थमा आर्मनिर्भर भई सकेको छ । हाल नेपालबाट अन्य देशमा निर्यात हुने Dog chew, Buffalo meat, Cheese, Ghee, Dairy Spreads, Goat Polyclonal Antibodies, Haylage, Leather/Hide, Butter, Live Piglets, Green Forages,

Carpet, Other Diary Products र आयात हुने बस्तुमा पशु दाना, माछाको दाना, प्यारेंट चल्ला, खोप, फिड सप्लिमेन्ट, उन, माछा आदि पशुपन्छी क्षेत्र संग सम्बन्धित मुख्य मुख्य बस्तुहरु हुन् । (भन्सार विभाग आ. व. २०८१/८२) हाल देशमा **National Animal Disease Control Program** अन्तर्गत FMD, PPR, HSBQ, Classical Swine Fever, Newcastle Disease जस्ता रोगहरु नियन्त्रणको कार्यहरु संचालन भई रहेको छ ।

१३. भावी दिशाः

पशु क्वारेन्टाइन कार्यालय, कञ्चनपुर र अन्तर्गतका चेकपोष्टहरूबाट प्रवाह गरिने सेवाको प्रभावकारिता र जनमानसमा यस सेवाको आवश्यकता तथा विश्वसनीयता बढाउनको लागि भविष्यमा निम्नलिखित रणनीति अख्तियार गर्नु पर्ने देखिन्छः

- नेपालको संविधान, २०७२ को अनुसूची ५ देखि ९ सम्म भएको कार्य विभाजन अनुसार पशु सेवा तर्फ परिमाणात्मक कार्यक्रमहरू स्थानिय तह र प्रदेश सरकारले सञ्चालन गर्ने भएकोले संघीय सरकार अन्तर्गतको पशु सेवा विभागले पशु सेवा तर्फ गुणात्मक विकासमा ध्यान दिनु पर्ने देखिन्छ। जोखिममा आधारित क्वारेन्टाइन जाँच, जोखिम विश्लेषण, प्रयोगशाला सेवा सुदृढीकरण, र रोग रोकथाम, नियन्त्रण र उन्मूलनको लागि रोग अनुसन्धान प्रणाली स्थापनाको लागि परियोजनागत कार्यक्रम ल्याउन सान्दर्भिक देखिन्छ जस अन्तर्गत भौतिक पूर्वाधार विकास, दक्ष क्वारेन्टाइन जाँचकीको व्यवस्था, पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ट्रेकिङ्ग तथा ट्रेसेबिलिटी केन्द्रमा रहने गरी क्वारेन्टाइन सूचना प्रणाली विकास जस्ता प्रधान मुद्दाहरूलाई उच्च प्राथमिकतामा राख्नु पर्छ। त्यसै गरी, पशु सेवा तर्फ आवश्यक नीति तथा कानून निर्माण, मापदण्ड तयारी तथा कार्यान्वयन, पशुजन्य उद्योग स्थापना, मुल्य श्रृङ्खला विकासमा आधारित कार्यक्रमहरू सञ्चालन, र पशुजन्य उत्पादन निर्यात प्रवद्धन विशेष आर्थिक क्षेत्र विकास तर्फ आयोजनागत प्याकेजमा कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन्छ।
- दोधाराचाँदनीमा शुक्खा बन्दरगाह निर्माणको चरणमा रहेको र निर्माण सम्पन्न पश्चात एकीकृत चेकपोस्ट स्थापना हुने हुँदा उक्त स्थानमा क्वारेन्टाइनका लागि आवश्यक व्यवस्था हुने देखिन्छ।
- क्वारेन्टाइन चेकपोष्ट भएको क्षेत्रमा भण्डारण, बेग्ला बेग्लै खेपका आयातित पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई अलग अलग राख्ने तथा जाँच्ने व्यवस्था, लोड अनलोड गर्ने सुविधा, जैविक सुरक्षाको लागि उपयुक्त व्यवस्था, पशु कल्याण सम्बन्धि व्यवस्था, शौचालय, हात धुने ठाउँ, चेञ्ज रूम, चिस्यान कोठाको (Cold Room) व्यवस्था जस्ता सुविधा भएको क्वारेन्टाइन होल्डिङ्ग यार्ड निर्माण गर्नु नितान्त जरूरी छ।
- आम जनमानसमा क्वारेन्टाइन सम्बन्धि नागरिक शिक्षाको प्रसारलाई प्राथमिकताका साथ सञ्चालन गर्नु पर्ने हुन्छ।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को विद्यमान पशु क्वारेन्टाइन सम्बन्धि व्यवस्थामा परिमार्जन गरि परिमार्जित वा नयां निर्माण गर्दा क्वारेन्टाइन कानूनमा जोखिम विश्लेषण (Risk Analysis), पैठारी पूर्व गरिने क्वारेन्टाइन जाँच (Pre-border Inspection), क्वारेन्टाइन जाँच (Border Inspection) र देश भित्र गरिने जाँच (Post-border/In-country Inspection) को व्यवस्था, पशु क्वारेन्टाइनको कार्यको आधारमा मात्र भन्सारले कारवाही थाल्न सक्ने व्यवस्था (Quarantine First), ऐनका विभिन्न शब्दावली परिभाषित गर्दा विश्व पशु स्वास्थ्य संगठनले जारी गरेको टेरेसट्रियल एनिमल हेल्थ कोडको आधारमा गर्ने, भेटेरिनरी निरीक्षकको रूपमा क्वारेन्टाइन अधिकृतलाई अनिवार्य तोक्ने व्यवस्था, आयात पछि मुलुकमा भित्रिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई गन्तव्यमा पुगिञ्जेल तथा बिक्री वितरण गरिञ्जेल अवस्था अनुसार सीमा क्वारेन्टाइन वा आन्तरिक क्वारेन्टाइनले In-Country Inspection गर्नु पर्ने अनिवार्यता जस्ता पक्षहरू समेटिनु पर्ने हुन्छ।
- क्वारेन्टाइन कार्यालयको कार्यक्षेत्रमा र जिम्मेवारीमा रोग सर्भिलेन्स, पशु कल्याण सम्बन्धिका कार्यको जिम्मेवारी थप गर्न उपयुक्त देखिन्छ ।
- पशु क्वारेन्टाइन प्रणाली भित्र पशु चिकित्सक पदमा ऐनको दफा (५) ले गरेको व्यवस्थाको अक्षरअनुसार पालना गर्नु पर्ने हुन्छ।

सन्दर्भ सामग्रीः

१. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र नियमावली, २०५६
२. पशु ढुवानी मापदण्ड, २०६४ र पशु कल्याण निर्देशिका, २०७३
३. पशु क्वारेन्टाइन कार्याविधि (पहिलो संसोधन), २०६१
४. कृषि, वन तथा पर्यावरण मन्त्रालयको वेबसाइट
५. विश्व पशु स्वास्थ्य संगठन र विश्व व्यापार संगठनका प्रकाशन तथा वेवसाइट
६. नेपालमा पशु क्वारेन्टाइन सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनको अवस्था : एक अध्ययन
डा. बिनय कुमार कर्ण, जय मुकुन्द खनाल
७. The Epidemiological History of Rinderpest eradication in Nepal: Can we repeat this success history for Peste des petits ruminants?
Dr. Surendra Karki & Dr. Shiva Nath Mahato
८. पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र विक्री वितरण अनुमति सम्बन्धी निर्देशिका, २०८०
९. पशु सेवा विभाग र भन्सार विभागबाट प्रकाशित तथ्यांक तथा विभिन्न प्रकाशनहरु

पुस्तकका मुख्य विशेषताहरु

१. क्वारेन्टाइन अवधारणा सम्बन्धी जानकारी

२. पशु क्वारेन्टाइन र त्यससँग सम्बन्धी कानूनी व्यवस्था

३. पशु क्वारेन्टाइन सेवा प्रक्रिया र जोखिम विश्लेषण सम्बन्धी जानकारी

४. विश्व व्यापार संगठन र विश्व पशु स्वास्थ्य संगठनबारे जानकारी

५. Emerging and Re-emerging रोग सम्बन्धी सामान्य जानकारी

६. पशु सेवा विभागबाट पैठारी अनुमती लिन सकिने वस्तुहरुको विवरण।

७. जुनोटिक रोग, जैविक सुरक्षा (Biosecurity) र एक स्वास्थ्य अवधारणा सम्बन्धी जानकारी

प्रकाशक:

पशु क्वारेन्टाइन कार्यालय

गड्डाचौकी, कञ्चनपुर

Website:aqogaddachauki.gov.np

E-mail:aqogaddachauki@gmail.com